# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिसद्वारा आफ्नो अनुभव, अनुभूति, भाव वा विचार व्यक्त गर्न जे बोलिन्छ, त्यो नै भाषा हो । भाषा मौखिक रूपमा प्रयोग गर्दा ध्वन्यात्मक संरचना हुन्छ भने उक्त भाषा लिखित रूपमा प्रयोग हुँदा ध्वन्यात्मक संरचना लिपि चिह्नको माध्यमबाट अभिव्यक्त हुन्छ । मौखिक भाषा सामीप्य र विचार विनिमयका लागि सरल,सुगम र प्रभावकारी हुन्छ भने लिखित भाषा उपयोग गरी मानवीय विचार र भावनालाई सङ्ग्रह गरेर कालान्तर सम्म राख्न सकिन्छ । भाषाको प्रयोग व्यापक भए सँगै संसारमा धेरै किसिमका भाषाहरु बोलिन्छ । ती भाषाहरु मध्ये भारोपेली भाषा परिवार भित्र पर्ने नेपाली भाषा पनि एक हो । भारोपेली भाषाभित्र पर्ने नेपाली भाषाको प्रयोग नेपाल भित्र र नेपाल बाहिरका देशमा व्यापक रूपमा पाइन्छ । नेपाली भाषा नेपालमा मातृभाषाको रूपमा मात्र नभई दैनिक व्यवहारको भाषा, सञ्चारको भाषा, प्रकाशनको भाषा, कार्यालय सञ्चालनको भाषा र सरकारी कामकाजको भाषा रूपमा रहेको पाइन्छ । सरकारी कार्यालयमा नेपाली भाषाको प्रयोग गरिने हुँदा नेपाली भाषाको माध्यमबाट उक्त कार्यालयका सूचनाहरु सम्प्रेषण गर्ने कार्य गरिन्छ । वर्तमान समयमा सूचना सम्प्रेषणका निम्ति विभिन्न माध्यम अङ्गाल्ने गरिन्छ । रेडियो, टि.भी., पर्चा, चलचित्र आदि सबै सूचना सम्प्रेषणका माध्यम हुन् । ती माध्यम मध्ये नागरिक बडापत्र पनि एक हो । जसको माध्यमबाट सरल र सशक्त रूपमा सूचना सम्प्रेषण गरिन्छ । नागरिक बडापत्र आम नागरिकलाई सरकारी कामकाजका लागि मार्गप्रदान गर्ने सूचनामूलक सामग्री हो । यस्ता सामग्रीमा प्रयोग हुने भाषा अन्य क्षेत्रको भन्दा पृथक रहेको पाइन्छ । सूचना सम्प्रेषणका रूपमारहेको नागरिक बडापत्र सरकारका आधिकारिक निकायका व्यक्तिहरुबाट तयार गरिन्छ । जसमा भाषाप्रति कतिको सचेतता अपनाइएको छ भनी अध्ययन गर्नु आवश्यक देखिन्छ । अन्यथा गलत सूचना सम्प्रेषण हुन पुग्दछ । यसर्थ यो अध्ययन पर्सा जिल्लाको सरकारी कार्यालयमा राखिएको नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्या कथन

अनुसन्धान गर्नका लागि छानिएका कुनै पनि अनुसन्धेय विषयवस्तु नै अनुसन्धानका समस्या हुन्। अनुसन्धान आफैँमा एक व्यापक र जटिल कार्य हो । कुनै पनि विषयका बारेमा अनुसन्धान गर्दा त्यस विषय भित्र रहेका समस्याको खोजी गर्नुनितान्त आवश्यक देखिन्छ ।

भाषा विचार विनिमयको एक सशक्त माध्यम हो । भाषाको मौखिक र लिखित माध्यमबाट नै मानिसहरुले आफ्ना आवश्यकताहरु पूरा गरिरहेका छन् । नेपाली भाषासरकारी कामकाजको भाषा हुनुको साथै सम्पूर्ण नेपालीहरु बिच साझा सम्पर्क गराई एकताको सूत्रमा बाँध्ने माध्यम पनि हो । सरकारी कार्यालयहरु नेपाल सरकारका आधिकारिक निकाय भएकाले त्यहाँ प्रयोग गरिने भाषा आम जनताको स्तर अनुरूप हुन आवश्यक देखिन्छ । प्रस्तुत शोधपत्र पर्सा जिल्लाका सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा रहेका भाषिक अवस्थालाई मुख्य समस्याका रूपमा प्रस्तुत गरी त्यस विषयसँग सम्बन्धित समस्यामा केन्द्रित भई शोधपत्र तयार गरिएको छ, जसलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ :

(क) सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रको भाषिक संरचना र शैलीगत संरचना केकस्तो छ ?

(ख) नागरिक बडापत्रको भाषामा वर्ण विन्यासको अवस्था के कस्तो रहेको छ ?

(ग) नागरिक बडापत्रमा के कस्ता शब्दहरुको प्रयोग गरिएका छन्?

## १.३ अध्ययनका उद्देश्य

कुनै पनि कार्य गर्नु अघि उद्देश्य निश्चित गर्नु आवश्यक हुन्छ । उद्देश्य बिना कुनै पनि कार्य सफल हुन सक्दैन । त्यसैले प्रस्तुत शोध कार्यमा पनि निश्चित उद्देश्यहरु छन् जसलाई बुँदागतरूपमा यसरी देखाउन सकिन्छ :

(क) सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रको संरचना र शैलीको विश्लेषण गर्नु,

(ख) नागरिक बडापत्रमा प्रयुक्त भाषालाई वर्णविन्यासको आधारमा व्याख्या गर्नु ,

(ग) नागरिक बडापत्रमा प्रयुक्त शब्द भण्डारको विश्लेषण गर्नु ,

(घ) नागरिक बडापत्रमा प्रयुक्त वाक्य संरचनाको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि सूचना सामग्रीको बारेमा भाषा सम्बन्धी अध्ययन अनुसन्धान हुन आवश्यक छ । जबसम्म सूचनामा प्रयोग भएका भाषाको खोजी गरिदैंन तबसम्म उक्त सूचनाको सही सदुपयोग र मूल्याङ्कन हुन सक्दैन् । त्यसैले सूचनाको सही सदुपयोग र मूल्याङ्कन हुनका लागि भाषाको अध्ययन हुनु नितान्त आवश्यक छ ।

वर्तमान सन्दर्भमा सूचना सम्प्रेषणका निम्ति अनेक विधि प्रविधिहरुको विकास भइरहेको छ । विद्युत् सूचना प्रविधिका अतिरिक्त सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्र पनि एक हो ।सर्वसाधारण जनतालाई कार्यालयबाट हुने कार्य सम्पादन प्रक्रियाको बारेमासुसूचित गर्ने संयन्त्र नैनागरिक बडापत्र हो । यसै सन्दर्भमा सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा रहेको सूचनालाई सही रूपमा सम्प्रेषण गर्न/गराउनका लागि प्रयुक्त भाषा हुन पनि जरूरी हुन्छ । त्यस्तै गरी नागरिक बडापत्रका बारेमा ज्ञानको दायरालाई फराकिलो पार्न यो अध्ययन महत्त्वपूर्ण देखिन्छ । यस अध्ययनबाट नेपाली भाषाको अध्ययन अध्यापनमा सङ्लग्न शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद्, शैक्षिक योजनाकार तथा आम नागरिक आदिलाई महत्त्वपूर्ण सहयोग पुग्ने देखिन्छ । यस सम्बन्धी शीर्षकमा अध्ययन अनुसन्धान गर्न चाहनेका लागि पनि महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ । यसर्थ यस अध्ययनले नागरिक बडापत्रमा रहेको भाषाको अध्ययन गरी यसमा रहेको कमी कमजोरीमा उचित सुझाव दिने हुँदा पनि यो अध्ययन औचित्यपूर्ण रहेको पाइन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

अनुसन्धान जटिल एवम् चुनौतीपूर्ण कार्य हो । भाषा, साहित्य, इतिहास, विज्ञान, प्रविधि जस्ता ज्ञान विज्ञानका क्षेत्रहरु शोध अध्ययनका लागि अत्यन्त उपयोगी ठहरिन्छन् । यस्तो अनुसन्धानमूलक कार्यलाई अगाडि बढाउन अध्ययनका सबै पक्षलाई समेट्न सम्भव नहुने भएकाले यस अध्ययनको व्यापकताको गहिराइलाई निश्चित क्षेत्र र तहमा सीमित गर्नुपर्ने हुन्छ । कुनै खास क्षेत्रको खास पक्षको यथार्थपूर्ण अध्ययन गर्नका लागि अध्ययनीय

क्षेत्रको सीमा किटान गर्नुपर्ने भएकाले प्रस्तुत अध्ययनलाई निम्न लिखित सीमामा आबद्ध गरिएको छ :

(क) प्रस्तुत अध्ययन पर्सा जिल्लाका दशवटा सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा मात्र अध्ययन सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन सरकारी कार्यालयका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययनमा सीमितरहेको छ ।

(ग) नागरिक बडापत्रको भौतिक पक्ष अर्न्तगत संरचना र शैलीको आधारमा मात्र विश्लेषण गरिएको छ ।

(घ) नागरिक बडापत्रमा प्रयोग भएका शब्दहरुको अध्ययन स्रोत, संरचना र विषय क्षेत्रको आधारमा मात्र गरिएको छ ।

(ङ) नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत हस्व, दीर्घ, 'ब'/'व', पदयोग, पद वियोग र लेख्यचिह्नको आधारमा मात्र अध्ययन गरिएको छ ।

## १.६ अध्ययनको रूपरेखा

शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकता अनुसार विभिन्न परिच्छेद वा अध्याय जस्ता शीर्षक उप-शीर्षकमा विभाजन गरिन्छ । शोधपत्र तयार गर्दा पूर्वानुमानका आधारमा मुख्य मुख्य परिच्छेद र शीर्षकहरु उल्लेख गरी शोधपत्रको रूपरेखा निर्माण गर्न सकिन्छ ।

यसै आधारमा यस अध्ययनको रूपरेखा अन्तर्गत अध्याय एकको शीर्षकमा शोध परिचय रहेको छ । जस अर्न्तगत पृष्ठभूमि, समस्या कथन, अध्ययनका उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा जस्ता उप-शीर्षकहरु रहेको छन् ।

शोधपत्रको रूपरेखा अन्तर्गत अध्याय दुईको शीर्षकमा सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा रहेको छ । जस अन्तर्गत सम्बद्ध पुस्तकको पुनरावलोकन, सम्बद्ध शोधपत्रको पुनरावलोकन, नेपाली भाषाको परिचय, नागरिक बडापत्रको सैद्धान्तिक परिचय, नागरिक बडापत्रको सिद्धान्तहरु, नागरिक बडापत्रको अङ्गहरु, नागरिक बडापत्रको उद्देश्यहरु, नागरिक बडापत्रको प्रयोग,नागरिक बडापत्रको महत्त्व र नेपालमा नागरिक बडापत्रको अवधारणा जस्ता उप-शीर्षकहरु रहेका छन् ।

शोधपत्रको रूपरेखा अन्तर्गत अध्याय तिनमा विधि र अध्ययन प्रक्रिया जस्ता शीर्षक रहेको छ । त्यस अन्तर्गत अध्ययनको विधि, जनसङ्ख्या र नमुना छनोट, तथ्य सङ्कलन प्रक्रिया, व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता उप-शीर्षक रहेका छन् ।

शोधपत्रको रूपरेखा अन्तर्गत अध्याय चारको शीर्षकमा परिणाम, छलफल र विश्लेषण रहेको छ । जस अन्तर्गत सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको भौतिक पक्ष र भाषिक पक्षको अध्ययन विश्लेषण जस्ता उप-शीर्षकहरू रहेका छन् ।

शोधपत्रको अध्याय पाँचको शीर्षकमा सारांश, निष्कर्ष र उपादेयता रहेको छ । त्यस अन्तर्गत सारांश, निष्कर्ष र उपादेयता जस्ता उप-शीर्षकहरु रहेका छन् । त्यसै गरी शोधपत्रको रूपरेखाको अन्त्यमा सन्दर्भ सामग्री सूची र परिशिष्ट रहेको छ ।

# अध्याय दुई

# सम्बद्ध कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ सम्बद्ध कार्यको पुनरावलोकन

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा अगाडि नै सम्पन्न गरिएका कार्यहरु (पुस्तक, पत्र पत्रिका, लेख, प्रतिवेदन) को व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु २०७० :२०) । पूर्वकार्यको समीक्षाले समस्यालाई राम्ररी विश्लेषण गर्न र शीर्षक चयन गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्रहरु पत्ता लगाउन समेत पूर्वकार्यको समीक्षा उपयोगी हुन्छ ।

कुनै पनि अनुसन्धान कार्य थाल्नुभन्दा पहिले पूर्व अनुसन्धानको पनि समीक्षा गर्नुपर्ने हुन्छ । विगत्का अनुभवले नै वर्तमानलाई गतिशील बनाउने हुँदा जुनसुकै अध्ययनका लागि पनि पूर्वकार्यको अध्ययनको खाँचो पर्दछ । जसले गर्दा वर्तमानलाई निर्देशित गरी गतिमान बनाउँछ । पूर्वकार्यको समीक्षाले पुनरावृत्तिको सम्भावना हटाउनुका साथै समस्याको विशिष्टीकरण गर्न, समस्याको चुरो पत्ता लगाउन र शोधको आवश्यकता बोध गराउन सहयोग गर्दछ । यस अध्ययनको पहिलो खण्डमा विभिन्न प्रकाशित पुस्तक सम्बन्धी र दोस्रो खण्डमा यस भन्दा अगाडि वर्षहरुमा अध्ययन अनुसन्धान गरिएको शोधपत्र सम्बन्धी सम्बद्ध कार्यको पुनरावलोकन गरिएको छ ।

### २.१.१ सम्बद्ध पुस्तकको पुनरावलोकन

अधिकारी (२०७०) द्वारा लिखित शासन प्रणाली नामक पुस्तकमा नागरिक बडापत्रको बारेमा चर्चा गरिएको छ । जस अर्न्तगत नागरिक बडापत्रको परिचय, विकासक्रम, उद्देश्यहरु, बडापत्रको अङ्गहरु, नागरिक बडापत्रको प्रयोग र नेपालमा नागरिक बडापत्रको अवस्था बारेमा चर्चा गरिएको छ ।

सु-शासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ तथा नियमावली २०६५ मा नेपालमा अनिवार्य रूपमा सरकारी कार्यालयमा नागरिक बडापत्र राख्नुपर्ने व्यवस्थाका साथै नागरिक बडापत्रको काम, कर्तव्य उल्लेख गरिएको छ ।

श्रेष्ठ (२०६८) द्वारा लिखित 'नेपाल नागरिक बडापत्र' नामक पुस्तकमा नेपालका मन्त्रालय र उक्त मन्त्रालयका शाखा, उपशाखाले दिने सेवा सुविधाहरुको बारेमा चर्चा गरिएको छ । त्यस्तै गरी प्रत्येक निकायबाट पाइने सेवाहरुको विवरण प्रस्तुत गरिएको छ ।

शर्मा (२०७२) द्वारा लिखित 'शाखा अधिकृत प्रारम्भिक परीक्षा दिशाबोध' नामक पुस्तकमा नागरिक बडापत्रको परिचय, सिद्धान्त, फाइदा, नेपालमा नागरिक बडापत्रको प्रयोगको बारेमा चर्चा गरिएको छ ।

थापा (२०७३) द्वारा गोरखापत्रमा सार्वजनिक सेवा प्रवाह र नागरिक बडापत्रको बारेमा चर्चा गरिएको छ । जसमा नागरिक बडापत्र सेवा प्रवाहको प्रभावकारिता, सार्वजनिक जवाफदेहिता र पारदर्शिताका लागि हो भनी चर्चा गरिएको छ ।

### २.१.२ सम्बद्ध शोधपत्रको पुनरावलोकन

न्यौपाने (२०६७) द्वारा ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीय खण्डमा भाषाको अध्ययन गरिएको छ । जस अर्न्तगत  शीर्षक, संरचना, विषयवस्तु, शैली तथा सम्पादकीयका प्रकार, उखान र शब्द भण्डारमा अध्ययन विश्लेषण गरिएको छ । सो अध्ययनमा पुस्तकालयीय अध्ययनलाई आत्मसात्गरी वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धति अगाँलिएको छ । उक्त शोधपत्रमा सम्पादकीयमा औपचारिक भाषाको प्रयोग गरिएको, जटिल अभूतकाल सामान्य पक्ष र कृर्तवाच्यको प्रयोग बढी भएको तथा धेरै सम्पादकीयहरु राजनीतिक विषयवस्तुमा बढी केन्द्रित रहेको निष्कर्ष निकालिएको छ ।

अर्याल (२०६७) द्वारा नेपाल समाचार पत्र दैनिकको समाचार खण्डमा भाषाको अध्ययन गरिएको छ । सो अध्ययन समाचारमा भाषाको स्वरूप पहिल्याउने, भाषाको पहिचान गर्ने र भाषिक त्रुटिको पहिचान गरी विश्लेषण गरिएको छ । प्रस्तुत शोधपत्र पुस्तकालयीय अध्ययनमा आधारित छ । उक्त शोधपत्रको निष्कर्षका रूपमा समाचार पत्रहरुमा ह्रस्व, दीर्घ, लेख्य चिह्नको प्रयोग, शिरविन्दु, चन्द्रविन्दु, पदयोग, पद वियोग, वचन, विभक्ति तथा क्रियापदको प्रयोग सम्बन्धमा त्रुटि पाइएकाले सुधार गर्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

पन्त (२०६७) द्वारा सार्वजनिक स्थलहरुमा रहेका शिलालेखमा पाइने भाषाको अध्ययन गरिएको छ । सो अध्ययनमा सार्वजनिक स्थलहरुमा रहेका शिलालेखमा पाइने भाषाको संरचना, शैली र विषयवस्तुको अध्ययन, शिलालेखमा प्रयुक्त भाषालाई वाक्य विन्यासको आधारमा अध्ययन गरी शिलालेखको भाषालाई वर्ण विन्यासको आधारमा पहिचान गरिएको छ । सो शोधपत्रमा स्थलगत अध्ययनका आधारमा सूचनाहरु सङ्कलन गरी वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धति द्वारा व्याख्या विश्लेषण गरिएको छ । उक्त शोधपत्रमा निष्कर्षका रूपमा वर्ण विन्यासगत र वाक्य विन्यासगत त्रुटिहरु प्रशस्त पाइएकाले सुधारका लागि सुझाव समेत प्रस्तुत गरिएको छ ।

ठकुरी (२०७०) द्वारा नागरिक बडापत्रमा पाइने वर्ण विन्यास सम्बन्धी त्रुटिहरुको अध्ययन गरिएको छ । सो अध्ययनमा नागरिक बडापत्रमा रहेका वर्ण विन्यासगत त्रुटिहरु पत्ता लगाउने र उक्त त्रुटिहरुको व्याख्या विश्लेषण गरिएको छ । स्थलगत अध्ययनका आधारमा सूचना सङ्कलन गरी वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धति द्वारा व्याख्या विश्लेषण गरिएको छ । अर्घाखाँची जिल्लाका सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा पदयोग, पद वियोग, ह्रस्व, दीर्घ, ब/व, शिरविन्दु, चन्द्रविन्दु, पञ्चम वर्ण, हलन्त र अजन्त सम्बन्धी भाषिक प्रयोगमा प्रशस्त त्रुटिहरु  देखिएकाले यस्ता त्रुटिहरु राज्य तर्फबाट साथै नेपाली विद्वान्हरुले सुधार गर्नुपर्ने सुझाव सहितको निष्कर्ष निकालिएको छ ।

पुरी (२०७०) द्वारा ताप्लेजुङका सरकारी कार्यलयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । उक्त अध्ययन ताप्लेजुङमा अवस्थित सरकारी कार्यलयमा राखिएको नागरिक बडापत्रको भौतिक पक्ष अन्तर्गत संरचना र शैली त्यस्तै गरी भाषिक पक्ष अन्तर्गत संरचना र स्रोतका आधारमा शब्द भण्डारको विश्लेषणमा केन्द्रितरहेको छ । उक्त शोधपत्र स्थलगत अध्ययनकाआधारमा सूचना सङकलन गरी वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धति द्वारा व्याख्या विश्लेषण गरिएको छ । उक्त शोधपत्रमा नागरिक बडापत्र७ खण्डमा संरचित र बढीमा सूचनात्मक शैलीको प्रयोग गरी तत्सम शब्द र व्युत्पन्न शब्दको अधिक प्रयोग भएको निर्ष्कष निकालिएको छ ।

श्रेष्ठ (२०७०) द्वारा नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । सो अध्ययनमा नागरिक बडापत्रमा प्रयोग भएका भाषाको अध्ययन शब्द वर्गका आधारमा

व्याख्या विश्लेषण गरिएको छ । उक्त शोधपत्र स्थलगत अध्ययन र पुस्तकालयीय अध्ययनमा आधारित रही अगाडि बढाइएको छ । उक्त शोधपत्रमा नमुना छनोटमा परेका नागरिक बडापत्रहरु उचित ठाउँमा उपयुक्त तरिकाले नराखिएको, प्रायः सबै नागरिक बडापत्र पुरानो भई खुइलिसकेको पाइयो । त्यस्तै गरी शब्द सङ्ख्या गणना गर्दा नागरिक बडापत्रमा अधिकांश शब्दहरु दोहोरिएको निष्कर्ष निकालिएको छ भने नागरिक बडापत्रमा सम्बन्धित निकायको ध्यान बेलैमा पुगोस् भन्ने सुझाव दिइएको छ ।

राई (२०७१) द्वारा नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । सो अध्ययनमा नागरिक बडापत्रमा प्रयुक्त वाक्य सरंचनाको विश्लेषण र स्रोतका आधारमा नागरिक बडापत्रमा प्रयुक्त शब्दलाई विश्लेषण गरिएको छ । उक्त शोधपत्रमा स्थलगत अध्ययनका आधारमा सूचनाहरु सङ्कलन गरी वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धति द्वारा व्याख्या विश्लेषण गरिएको छ । उक्त शोधपत्रमा औसतमा संयुक्त वाक्यहरु भन्दा सरल वाक्य र तत्सम शब्दहरु बढी प्रयोगमा रहेको निष्कर्ष निकालिएको छ ।

बुढाथोकी (२०७१) द्वारा सल्यान जिल्लाका सरकारी कार्यालयमा राखिएको नागरिक बडापत्रमा रहेका भाषिक त्रुटिहरुको अध्ययन गरिएको छ । जसमा भाषिक त्रुटिहरुको पहिचान गरी व्याख्या विश्लेषण गरिएको छ । उक्त शोधपत्रमा स्थलगत अध्ययनका आधारमा सूचनाहरु सङ्कलन गरी पुस्तकालयीय अध्ययनमा आधारित रही भाषिक त्रुटिहरुको पहिचान गरी व्याख्या विश्लेषण गरिएको छ । अध्ययन गरिएका नागरिक बडापत्रमा वर्ण विन्यासका साथै अन्य त्रुटिहरु प्रशस्त पाइएकाले सम्बन्धित पक्षले समयमै त्रुटिहरुको निराकरण गर्नुपर्ने सुझाव समेत दिएको छ ।

प्रधान (२०७१) द्वारा नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । जसमा नागरिक बडापत्रमा प्रयुक्त भाषा सर्वसाधारणलाई बोधगम्य छ कि छैन भनी अध्ययन विश्लेषण गरिएको छ । सो शोधपत्रमा स्थलगत अध्ययनका आधारमा सोधपुछका माध्यमद्वारा बडापत्रको बोधगम्यताको बारेमा व्याख्या विश्लेषण गरिएको छ । भाषिक सम्प्रेषणीयका हिसाबले नागरिक बडापत्रमा ६.६८ प्रतिशत शब्दहरु बोध गर्न नसक्ने खालको रहेको निष्कर्ष निकालिएको छ ।

माथि उल्लिखित विभिन्न प्रकाशित पुस्तकका साथै शोधपत्रलाई हेर्दा नेपाली भाषाको प्रयोग हुने विविध क्षेत्रमा भाषाको अध्ययन भए तापनि नेपाल सरकारको आधिकारिक निकायका रूपमा रहेका सरकारी कार्यालयहरुमा राखिएका नागरिक बडापत्रमा रहेका भाषाको अध्ययन अत्यन्त न्यून तवरले भएको देखिन्छ । त्यसमा पनि पर्सा जिल्लाका सरकारी कार्यालयका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन हालसम्म भएको पाइदैन । त्यसैले यसै कुराहरुलाई मध्यनजर गर्दै पर्सा जिल्लाका सरकारी कार्यालयका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन शीर्षकमा गरिने प्रस्तुत शोधकार्यलाई प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । माथि उल्लिखित पूर्वकार्यको अध्ययनले प्रस्तुत शोध कार्यलाई निश्चित मार्गदर्शन गर्नको लागि मद्दत गरेको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ भाषाको परिचय

संस्कृत 'भाष्' धातुबाट बनेको भाषा शब्दको शाब्दिक अर्थ बोल्नु वा भन्नु हो । मानिसबाट आफ्नो अनुभव, अनुभूति, भाव विचार व्यक्त गर्न जे बोलिन्छ त्यो नै भाषा हो (ओभ्रा २०६९:१)। मानवीय उच्चारण अवयवबाट उच्चारण हुने सार्थक ध्वनिको समूह नै भाषा हो । मानव बाहेक अन्य प्राणीहरुले पनि विभिन्न आवाज सङ्केत निकाल्दछन् तर ती भाषा होइनन् । किनभने भाषा मानवीय सम्पत्ति हो । यसको सम्बन्ध मानिससँग र मानवीय समाजसँग हुन्छ । भाषाको मानव सभ्यतासँग प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । भाषालाई मानव ज्ञानका विविध क्षेत्र, सन्दर्भ र विषयका कोणबाट हेरिन्छ । मानवीय व्यवहारका समग्र सन्दर्भहरु भाषामा समेटिएका हुन्छन् ।

#### २.२.१.१ भाषाको परिभाषा

भाषा मानवीय व्यवहारसँग सम्बद्ध विषय भएकाले विभिन्न विद्वानहरुले आ-आफ्नै किसिमबाट यसको परिभाषा व्यक्त गरेका छन् :

❖ उच्चारणद्वाारा व्यक्त वाणीलाई भाषा भनिन्छ ।

**-पाणिनि**

❖ मानिसका उच्चारण अवयवबाट निःसृत मानवीय अभिव्यक्ति नै भाषा हो ।

**-पतञ्जलि**

❖ भाषा खास किसिमको उत्तेजनाको प्रतिक्रिया हो ।

**-ब्लुमफिल्ड**

❖ भाषा परस्परमा आधारित यादृच्छिक र प्रतिकात्मक व्यवस्था हो ।

**-आर.एच र विन्स**

❖ आपसमा विचार विनिमय हुन सक्ने यादृच्छिक, रुढ वाक् प्रतीकलाई  भाषा भनिन्छ ।

**-आर्चाय देवेन्द्र नाथ शर्मा**

❖ मानवद्वारा निश्चित प्रयत्नका साथ स्वतः निस्कने सार्थक ध्वनि नै भाषा हो ।

**-भोलानाथ तिवारी**

उपयुक्त परिभाषानुसार भाषाका सम्बन्धमा के भन्न सकिन्छ भने भाषा उच्चारण अवयव द्वारा उच्चारित अभिव्यक्ति हो । भाषा यादृच्छिक हुन्छ । भाषा ध्वनि प्रतीकहरुको त्यो व्यवस्था हो, जसमा विचार र अनुभवको अभिव्यक्ति, सामाजिक व्यवहारको रूप रहेको हुन्छ । सामाजिक समझदारीबाट मात्र भाषिक रूप निर्धारण गर्न सकिन्छ ।

## २.२.१.२ भाषाका विशेषता

भाषा मानवीय वस्तु हो । मानव समाजले पारस्परिक विचार विनिमयका लागि पुर्खादेखि नै आर्जेको वस्तु हो । एउटाको दुःख सुखको भावनालाई अर्को समक्ष पुऱ्याउने बोलीलाई नै हामी भाषा भन्दछौं । सर्वप्रथम भाषा कथ्य रूपमा प्रकट हुन्छ अनि मात्र लिपिका माध्यमबाट लेख्य रूपमा देखापर्दछ । कथ्य भाषाका अपेक्षा लेख्य भाषा सबै व्यक्तिका लागि ग्राह्य हुन सक्दैन । यसका अतिरिक्त लेख्य भाषा स्थिर  हुन्छ । लेख्य भाषाले नै अतीतका प्रतिभाहरुका अनुभव र तिनका उपलब्धिहरुलाई सुरक्षित राख्ने  कार्य गरेको हुन्छ । त्यसकारण भाषालाई मानव सभ्यता कै महतम् उपलब्धि मानिएको छ । यसरी मानव सभ्यता कै महतम् उपलब्धिका रूपमा रहेको भाषाका विशेषताहरु निम्नानुसार रहेका छन्:

(क) भाषा मानवीय वस्तु हो ।

(ख) भाषा यादृच्छिक हुन्छ ।

(ग) भाषा वाक् प्रतीक हो ।

(घ) प्रत्येक भाषा आफैंमा व्यवस्थित हुन्छ ।

(ङ) भाषा उत्पादनशील हुन्छ ।

(च) भाषा परिवर्तनशील हुन्छ ।

(छ) भाषा पैतृक सम्पत्ति नभई आर्जित सम्पत्ति हो ।

(ज) भाषा सामाजिक हुन्छ ।

(झ) भाषा सञ्चारको सशक्त माध्यम हो ।

(ञ) भाषाको अन्तिम स्वरूप हुँदैन ।

(ट) भाषा विचार विनिमयको साधन हो ।

(ठ) भाषा खुला व्यवस्था हो ।

### २.२.२ नेपाली भाषाको परिचय

नेपाल भौगोलिक दृष्टिले सानो देश हो । यो दक्षिणपूर्वी एशियामा अवस्थित छ । यसको उत्तरतिर विशाल देश चीन र दक्षिणतिर अर्को विशाल देश भारत रहेको छ । नेपाल भौगोलिक हिसाबले २६.२२ देखि ३० .२७ उत्तरी आक्षांश सम्म र ८०.४ देखि ८८.१२ पूर्वी देशान्तरसम्म फैलिएको छ । नेपालको कुल क्षेत्रफल १,४६,१८१ वर्ग कि. मी छ जुन विश्वको कुल भू-भागको ०.०३ प्रतिशत र एशियाको ०.३ प्रतिशत मात्र पर्न आउँछ ।

भौगोलिक हिसाबले नेपाललाई हिमाल, पहाड र तराई गरी तिन प्रदेशमा विभाजित गर्न सकिन्छ । थुप्रै नदी, हिमाल, ताल तलैया, वन्यजन्तु, पशुपंक्षी जडिबुटीका हिसाबले नेपाल समृद्ध मुलुकका रूपमा देखापर्छ । प्राकृतिक विशालता कारण नेपाल सानो मुलुक भएपनि यँहा संसारका विभिन्न परिवारका १२३ भाषाहरु प्रयोगमा छन् । नेपाली भाषा यी विभिन्न भाषाहरु मध्येको एउटा भाषा हो ।

नेपालमा १२३ भाषाहरु बोलिन्छ । त्यसभन्दा बढी अन्य केही नाम किटान गर्न नसकिएका भाषाहरु पनि छन् । मेची देखि महाकाली भित्रको सानो भूभागमा यतिका भाषाको प्रयोग हुनु भाषिक विविधताका हिसाबले महत्त्वपूर्ण मानिन्छ । यी विभिन्न भाषाहरु मध्ये नेपाली भाषा नेपाल भित्रको सबैभन्दा ठुलो भु-भागमा फैलिएको भाषा हो । यसका वक्ताहरु पूर्व मेची देखि पश्चिम महाकाली सम्म र उत्तर हिमाल देखि दक्षिण तराईसम्म फैलिएका छन् । नेपाली भाषा नेपालको राष्ट्रभाषा पनि हो । नेपाल भित्रका सम्पूर्ण सरकारी कामकाज यसै भाषाका माध्यमबाट सम्पादन गरिन्छ । त्यसै गरी नेपालभित्रका नेपाली इतर

मातृभाषी वक्ताले अर्को कुनै भाषिक वक्तासँग कुराकानी गर्दा सर्म्पक भाषाका रूपमा नेपाली भाषाकै प्रयोग गर्दछन् । त्यसैले नेपाली भाषाले नेपालभित्र प्रयोग हुने सबै भाषाहरुसँग सहचारी सम्बन्ध राख्दछ ।

### २.२.२.१ नेपाली भाषाको विकासक्रम

नेपाली भाषाको जन्मका सम्बन्धमा मतमतान्तर देखापरेका भए पनि आधुनिक आर्यभाषाको जन्मकाल एघारौं शताब्दी मानिएको हुनाले नेपाली भाषाको जन्म पनि त्यस्तै समयबाट भएको मानिन्छ । नेपाली भाषाको विकास खस प्राकृत एवम् खस अपभ्रंशबाट भएको हो । सुरु देखि हालसम्मको इतिहासलाई हेर्दा नेपाली भाषामा पनि निकै परिवर्तन र विकास भएको देखिन्छ । नेपाली भाषाको विकासलाई निम्नलिखित तिन चरणमा बाँडेर हेर्न सकिन्छ :

#### (क) **प्राचीन् काल (प्रारम्भ देखि १५५४ सम्म)**

यस कालको नेपाली भाषालाई प्राचीन् नेपाली खस कुरा र सिञ्जाली पनि भनिन्छ । विशाल नेपाल टुक्रिएपछि मल्लकालीन शासन सुरु भयो । यसै क्रममा पश्चिमी नेपालमा खस राज्यको उदय भयो र नेपाली भाषा खस भाषाको रूपमा विकसित हुन पुग्यो । कर्णाली प्रदेशमा नागराजको राजधानीमा सिञ्जाको राजभाषा भएकाले नेपाली भाषालाई सिञ्जाली भनिएको हो । राजा दामुपालको वि.सं. १०३८ को अभिलेखको भाषा र सङ्ग्राम मल्लको वि.सं. ११४६ को अभिलेखको भाषा यसको सर्वप्राचीन् रूप मानिन्छ । नेपाली भाषाको प्राचीनतम् प्रमाणिक नमुना चाँहि हुम्लाको रोलिङ गुम्बामा प्राप्त वि.स. १३१२ को अशोक मल्लको प्रशासनिक ताम्रपत्रको भाषालाई मानिएको छ । त्यसैगरी वि.सं. १३१७-२७ को अशोक चल्लकालीन दुल्लु पादुकाको सउना कर्क्यानीको शिला अभिलेख पनि नेपाली भाषाको अर्को प्रमाणिक अभिलेख हो ।

#### (ख) **माध्यमिक काल (वि.सं. १५५५ देखि १९५० सम्म)**

सिञ्जा राज्यको विखण्डन र बाइसे-चौबिसे राज्यको प्रारम्भसँगै नेपाली भाषाको माध्यमिक कालको सुरुवात हुन्छ । राज्यको विभाजनसँगै राजकीय भाषामा पनि विभाजन आएकाले नेपाली भाषामा अनेक भाषिकाहरु जन्मन पुगे । भाषिक अभिव्यक्तिका सन्दर्भमा

पनि नेपाली भाषाको सामर्थ्यमा वृद्धि हुन पुगेको देखिन्छ । अठारौँ शताब्दीमा आएर पृथ्वीनारायण शाहको नेपालको एकीकरणको अभियानसँगै नेपाली भाषाको विकास र विस्तार राम्रोसँग हुन पुग्यो । माध्यामिक कालको सुरुमा अभिलेखसँगै अगाडि बढेको नेपाली भाषा विभिन्न आख्यानग्रन्थ हुँदै साहित्यिक रचना सिर्जनासम्ममा विकसित भएको छ । उक्त अभिलेख हुँदै मोतीराम भट्टसम्म आइपुग्दाको नेपाली भाषाको स्वरूपलाई प्रस्तुत गर्न सकिन्छ । 'उप्रान्त यो राजे दुई ढुङ्गाको तरुल जस्तो रह्याछ । चिन बादशाहसित ठूलो घाहा राषनु । दखिनको समुद्रका बाखदहसित घाहा त राख्नु तर त्यो महाचतुर छ । हिन्दुस्तान दबाई राखेछ' । - पृथ्वीनारायण शाहकालीन भाषा

पृथ्वीनारायण शाहको दिव्योपदेशको रचनासँगै सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल, इन्दिरस, विद्यारण्य केशरी, भानुभक्त हुँदै मोतिराम सम्म आइपुग्दा नेपाली भाषाले प्रशस्त परिष्कृत र अभिव्यक्तिगत सामर्थ्य प्राप्त गरिसकेको छ ।

### (ग) आधुनिक काल (वि.सं. १९५८ देखि हालसम्म)

वि.सं. १९५८ सालमा गोरखापत्रको प्रकाशन भएको हो । त्यस अवधि देखि हाल सम्मको नेपाली भाषालाई आधुनिक नेपाली भाषा भनिन्छ । यस अवधिमा नेपाली भाषाको विस्तार देश भित्र र देश बाहिर पनि भएको देखिन्छ । नेपाली भाषाले धेरै समयावधि पछि राष्ट्रभाषा र साझा सम्पर्क भाषाको रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यस चरणमा आइपुग्दा नेपाली भाषाको प्रयोग र स्वरूप दुवै दृष्टिले नेपाली भाषा सक्षम र व्यापक बन्दै गएको पाइन्छ । नेपाली भाषाले शब्दभण्डार र व्याकरणका क्षेत्रमा अत्याधिक उन्नति गर्न सफल भयो । नेपाली भाषाले कथ्यस्तरको विविधताबाट कुनै एक भाषिकालाई मानकको रूपमा स्वीकार गरी लेख्यस्तर कायम गरेको देखिन्छ । यो भाषाले अनेक भाषिक आन्दोलन बेहोर्दै अगाडिबढेको पाइन्छ । सुन्दरी (१९६३), माधवी (१९६५) जस्ता पत्रिकाहरुको प्रकाशन हलन्त बहिष्कार आन्दोलन, रेडियो नेपालको स्थापना, झर्रोवाद आन्दोलन, उच्च तहसम्म अनिवार्य र ऐच्छिक विषयको रूपमा पठन-पाठन,नेपाल टेलिभिजनको स्थापना, विदेशी रेडियोहरुमा कार्यक्रम प्रसारण थुप्रै साहित्यका अमर साहित्यिक कृतिहरुबाट नेपाली भाषाले नयाँ स्वरूप ग्रहण गर्दै पल्ववित, पुष्पित र सुफलित हुँदै अगाडी बढिरहेको छ । यस आधुनिक कालमा नेपाली भाषाको स्वरूपमा पनि क्रमिक रूपमा विकास र परिवर्तन हुँदै आएको देखिन्छ ।

### २.२.३नागरिक बडापत्रको अवधारणा

सामान्य अर्थमा नागरिक बडापत्रले कुनै कार्यालय वा सङ्घसंस्थाहरुमा सेवाग्राही नागरिकको सेवा सुविधा तथा अधिकारहरु उल्लेख भएको पत्रलाई बुझाउँछ । नागरिक बडापत्र मार्फत् आफ्ना सेवाग्राहीलाई सेवा प्राप्त गर्न आवश्यक प्रक्रियाको बारेमा जानकारी गराइन्छ । यसलाई नागरिकको अधिकार सम्बन्धी एक व्यवस्थाका रूपमा लिइन्छ ।

नागरिक बडापत्रलाई अङ्ग्रेजीमा सिटिजन च्याटरका नामले चिनिन्छ । पदावलीको रूपमा रहेको नागरिक बडापत्र दुई पदहरु नागरिक र बडापत्रको मेलबाट बनेको देखिन्छ । जसमा नागरिकको अर्थ देशमा बसोबास गरी आएका वैधानिक जनता भन्ने हुन्छ भने बडापत्रको अर्थ कुनै सरकार सङ्घ संस्था आदि द्वारा घोाषित निर्देशक सिद्धान्त भएको विशेष निर्णय वा आदेश भन्ने हुन्छ । यसरी शाब्दिक रूपमा नागरिक बडापत्रको अर्थले कुनै सरकारी निकाय सङ्घ संस्था आदिद्वारा आफ्नो निर्देशक सिद्धान्त सेवा सुविधा आदिका बारेमा देशमा बसोबास गरी आएका वैधानिक जनतालाई दिइने जानकारी वा आदेशलाई बुझाँउछ । नागरिक बडापत्रको सम्बन्धमा विभिन्न शव्दकोशले दिएका अर्थहरु यस प्रकारका छन् :

**राजनीतिक शब्दकोश**

यो नागरिक अधिकार सम्बन्धी व्यवस्था हो । कार्यालयहरुमा सेवाग्राही नागरिकले के कस्ता अधिकारहरु के कसरी प्राप्त गर्दछन् भनी त्यसको सूची सहित सबैले देख्ने गरी राख्ने अधिकार पत्रलाई नागरिक बडापत्र भनिन्छ ।

**विकीपेडिया**

जनता र निजी क्षेत्रका अङ्गहरु जस्तै विद्यालय, अस्पताल, रेलमार्ग, कम्पनीहरुको आधारभूत सुविधा व्याख्या गरिएको सरकारी प्रलेख हो ।

**अक्सफोंड डिक्सनरी**

नागरिक अधिकार प्रस्तुत गरिएको एउटा प्रलेख हो ।

### २.२.४नागरिक बडापत्रको विकासक्रम

नागरिक बडापत्रको शाब्दिक अर्थलाई केलाउँदा नागरिकको अर्थ देशमा बसोबास गरी आएका जनता अर्थात् देशको वैधानिक बासिन्दा हो भने बडापत्रको अर्थ कुनै सङघसंस्था, सरकारद्वारा घोषित निर्देशक सिद्धान्त भएको विशेष निर्णय वा आदेश भन्ने बुभिन्छ । नागरिक बडापत्रको पहिलो प्रयोगकर्ता बेलायत हो । बेलायतका प्रधानमन्त्री जोन मेजरले सन् १९९१ जुलाई २२ मा बेलायती निजामती सेवामा यसको सुरुवात गराएका हुन् । फ्रान्समा सन् १९९२ मा सर्भिस च्याटरको नामबाट यसको सरुवात गरियो । त्यसै अवधिमा न्युजीलैण्ड र सिङ्गापुरमा समेत नागरिक बडापत्रको प्रयोग भयो । भारतमा सन् १९९७ मा निजामती सेवाको गुणस्तर अभिवृद्धिका लागि नागरिक बडापत्रलाई भित्राइयो । नागरिक बडापत्रको कार्यान्वयन भए नभएको अनुगमन गर्नका लागि गठन हुने एकाइलाई सोसल अडिट प्लान भनिन्छ । नागरिक बडापत्रका सम्बन्धमा क्लायन्ट च्याटरसन् १९९३ मलेसियासँग सम्बन्धित छ भने पब्लिक सर्भिस युजर्स च्याटर बेल्जियमसँग सम्बन्धित छ । सर्भिस च्याटर सन् १९९९ अष्ट्रेलिया र फ्रान्ससँग सम्बन्धित छ । नेपालमा वि.स.२०५६ सालमा निमुखालाई न्याय विपन्नलाई आय नामक कार्यक्रमको माध्यमबाट सरकारी निकायहरुले गर्नुपर्ने कार्य सो को अनुगमन पद्धतिको विकास गरी नागरिक बडापत्रको अनुसरण गरियो भने वि.स. २०६१बाट नेपालमा नागरिक बडापत्र लागू गरियो । सु-शासन ऐन २०६४ ले सबै सरकारी निकायमा नागरिक बडापत्र लागू गर्ने र त्यसको पालना गर्नुपर्ने कानुनी व्यवस्था गऱ्यो । त्यस्तै गरी २०७०/१/२ गते बाट क्षतिपूर्ति सहितको नागरिक बडापत्र राख्नुपर्ने प्रावधान राखिएको छ (अधिकारी :२०७२) । सार्वजनिक सेवाको गुणस्तरलाई क्रमशः सुधार गर्दै लैजाने दिशा अत्यन्त प्रभावकारी उपाय भएकोले विश्वको धेरै मुलुकहरुले नागरिक बडापत्रलाई अपनाएका छन् । राज्य द्वारा सम्पादित क्रियाकलापमा अत्यन्त पारदर्शी तुल्याउने सशक्त माध्यमका रूपमा नागरिक बडापत्रलाई लिइन्छ । नागरिक बडापत्रले सेवाग्राहीलाई निश्चय नै बढी सूचना प्रदान गरी सेवा लिन सरल बनाएको छ ।

### २.२.५ नागरिक बडापत्रका उद्देश्यहरु

नागरिक बडापत्रको उद्देश्यहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- सेवाग्राहीहरुलाई सेवा, सुविधा सरल र सुगम तरिकाले उपलब्ध गराउनु,

- ❖ सेवा प्रदान कार्यहरुलाई सरल, सुलभ, मितव्ययी एवम् पारदर्शी बनाउनु,
- ❖ सेवाप्रदायक र सेवाग्राहीका बिच सुमधुर कायम गर्नु,
- ❖ प्राशसनिक निकायहरुमा पारदर्शिता स्थापित गर्नु,
- ❖ कर्मचारीहरुको काम कर्तव्य र जिम्मेवारी स्पष्ट गर्नु,
- ❖ सेवाको सुनिश्चितता कायम गर्नु,
- ❖ सेवा प्रदान हुने समय, सेवाको गुणस्तर सबैका बारेमा सुसूचित गराउनु,
- ❖ जनताका सुझावहरु, समस्याहरु, गुनासाहरुलाई यथासम्म सम्बोधन गर्न प्रयत्नशील रहनु,
- ❖ अधिकारको दुरूपयोग,भष्ट्राचार, मोहालिजा आदिको अन्त्य गर्नु,
- ❖ निष्पक्ष तटस्थाका साथ सेवा प्रदान गर्नु ।

### २.२.६ नागरिक बडापत्रका विशेषताहरु

- ❖ जनताले प्राप्त गर्ने सेवा, सुविधा, गुणस्तर, परिणाम, कार्यविधि, समय सबैको स्पष्ट व्यवस्थागरिएको हुन्छ ।
- ❖ सेवाग्राहीलाई सेवा प्रदान गर्ने प्रक्रियामा सर्म्पक गर्नुपर्ने पदाधिकारी, कर्मचारीहरु, उनीहरुकोसर्म्पक टेलिफोन नं. लाग्ने दस्तुर सबै स्पष्ट उल्लेख भएको हुन्छ ।
- ❖ नागरिक बडापत्र विभिन्न कार्यलयहरुको कामको प्रकृति अनुरूप भिन्न भिन्न प्रकारको हुनेगर्दछ ।
- ❖ सेवा प्रदान गर्ने क्रममा सेवाग्राही जनताहरुबाट प्राप्त हुने पृष्ठपोषण, सुझावहरु, उजुरीहरुसबै ग्रहण गरी आवश्यक कारवाही अघि बढाउनका लागि उजुरी पेटिकाको समेत व्यवस्थागरिएको हुन्छ ।
- ❖ समयमा कार्य सम्पन्न नगरी जनतालाई अनावश्यक झन्झट र दुःख दिने कर्मचारीहरु उपरकारवाहीको व्यवस्था गरिएको हुन्छ ।
- ❖ सेवा प्रदान यथा समयमा नभई सेवाग्राहीलाई पर्न गएको मर्काको सम्बन्धमा उपयुक्तक्षतिपूर्ति प्रदान गर्ने व्यवस्था गरिएको हुन्छ ।
- ❖ सेवाग्राही एवम् उपभोक्ताहरुको सङ्गठन एवम् व्यक्ति विशेष सेवाग्राहीहरूसँग दोहोरो सम्बन्धकायम गरी उनीहरुको प्रतिक्रिया लिई सेवा प्रदान गर्ने कार्यलाई थप व्यवस्थित बनाउनेगरिन्छ ।

### २.२.७ नागरिक बडापत्रका अङ्गहरु

नागरिक बडापत्रले नागरिकहरुको आवश्यकता र सेवा प्रदान गर्ने संस्थाको क्षमता दुवैलाई दृष्टिगत गर्नुपर्दछ । त्यसैले नागरिकहरुको आवश्यकताको स्तर एकै प्रकारको हुँदैन । उपलब्ध गराउनु पर्ने सेवाका सम्बन्धमा त्यस्ता सेवाप्रदायकहरुको क्षमता समेत फरक हुन्छ । त्यसैले सबै ठाँउमा एउटै प्रकारको नागरिक बडापत्रले आफ्नो उपादेयता प्रमाणित गर्न सक्दैन तथापि सबै नागरिक बडापत्रमा अनिवार्य रूपमा हुनुपर्ने प्रमुख अङ्गहरु निम्नानुसार रहेका छन् :

- ❖ सेवाप्रदायक निकायको सोच र लक्ष्य
- ❖ प्राप्त हुने सेवाको विस्तृत विवरण
- ❖ सम्बन्धित अधिकृतहरुलाई सम्पर्क गर्न सकिने सूचना
- ❖ सेवाग्राहीहरुबाट अपेक्षा गरिएका विषयहरु
- ❖ गुनासो सम्बोधन गरिने तरिका र पँहुच
- ❖ सेवा प्रदान गर्न नसक्दा क्षतिपूर्ति गरिने जस्ता अतिरिक्त प्रतिबद्धता
- ❖ सेवामा सुधार गर्न निरन्तर जनतासँग अन्तरक्रिया गर्ने सम्भावना र यसका लागि आवश्यक संयन्त्र
- ❖ सूचना प्रभाव र पृष्ठपोषण

### २.२.८नागरिक बडापत्रका सिद्धान्तहरु

सबै कुराको समाधान गर्ने साधनका रूपमा नागरिक बडापत्रलाई लिनु हुँदैन सबै स्थानहरुमा एउटै प्रकारको बडापत्रको प्रयोग गर्न सकिदैन तर निम्नानुसार केही मुख्य सिद्धान्तहरुलाई सबैले स्वीकारेका छन् ।

- ❖ नागरिकहरुको अपेक्षा र आवश्यकता पूरा गर्न सेवाको स्तर निर्धारण गर्ने,
- ❖ नागरिकको माग र सेवा प्रदान गर्नेहरुको क्षमतामा जोड दिने,
- ❖ नागरिक बडापत्र निर्माण गर्दा कै अवस्थामा सेवाग्राही जनतालाई सहभागी बनाउने,
- ❖ कर्मचारी र नागरिकहरुको संयुक्त प्रयासलाई प्रोत्साहन गर्ने,
- ❖ अनुगमन र सूचनाको प्रभावलाई पारदर्शिताको प्रवर्द्धन गर्ने,
- ❖ जनताका गुनासाहरुलाई खुल्ला सम्बोधन,

❖ कार्यदक्षता र मितव्ययीतता,

❖ धैर्यता समर्पण भाव र प्रतिबद्धता,

### २.२.९ नागरिक बडापत्रका फाइदाहरु

❖ जनतालाई आफ्नो अधिकार बारेमा सचेत बनाई सेवा प्राप्त गर्ने सुनिश्चिता प्रदान गर्दछ ।

❖ जनताले सार्वजनिक निकायहरुबाट प्राप्त गर्ने सेवा सुविधाहरु यथासमयमा कम मूल्यमा प्राप्त गर्दछन् ।

❖ प्राप्त हुने सेवा मितव्ययी, दक्षता एवम् प्रभावकारिताका साथ प्राप्त हुने हुँदा सार्वजनिकनिकायहरूप्रति विश्वासको वातावरणमा अभिवृद्धि भई सरकार र जनता बिच सुमधुर सम्बन्धकायम हुन्छ ।

❖ सेवाग्राहीहरुले सरकारी क्रियाकलापप्रति स्वामित्व ग्रहण गर्दछन् ।

❖ सरकारी काम कारवाहीप्रति सर्वसाधारण जनताको सहभागितामा वृद्धि हुँदै जान्छ ।

❖ राष्ट्र सेवक कर्मचारी र जनताका बिच मैत्रीपूर्ण भावनाको विकास हुन्छ ।

❖ सुशासन कायम गर्न मद्दत पुग्दछ ।

❖ जनताहरुले सेवा र सुविधाहरुको छनोटको अवसर प्राप्त गर्दछन् ।

### २.२.१०नागरिक बडापत्रका कमीकमजोरीहरु

नागरिक बडापत्रको प्रचलनबाट प्रत्यक्ष बेफाइदा देखिदैंन तथापि सेवाग्राहीहरुले सेवा प्रदानगर्ने विषय बडापत्रको प्रकाशनमा सीमित गरी दिँदा अथवा यसको प्रयोगमा प्रभावकारिताको प्रश्न चिह्न उठ्ने भएकाले गर्दा सेवाग्राहीलेनागरिक बडापत्रका कमी कमजोरीहरुअनुभूति गरिरहेका छन् ।तीकमी कमजोरीहरु निम्नानुसार रहेका छन् :

❖ सेवाप्रदान गर्ने प्रक्रिया पुरातन शैलीबाट नै अघि बढी राखेको छ ।

❖ वास्तविक सेवाग्राहीहरु यसका उपादेयताका बारेमा अनविज्ञ नै रहेकाछन् ।

❖ वास्तविक सेवाग्राहीहरुका नागरिक बडापत्र लागि उपयोगी हुन सकेको छैन ।

❖ क्षतिपूर्तिको व्यवस्था प्रयोगमा आए कै छैन यस तर्फ सरकारको गम्भीर ध्यान पुग्न सकेको नैछैन ।

- ❖ सेवाग्राहीहरुले स्थानीय टाठा बाठाहरुको सहयोगमा मात्र सेवा प्राप्त गरी राखेकाले सेवामङ्हगो साबित भइराखेको छ ।
- ❖ बडापत्रमा उल्लेख भए अनुसारको व्यवहार सेवाप्रदायकहरुले प्राप्त गर्न सकेका छैनन् ।
- ❖ प्रतिबद्धता अनुसारको सेवा प्रदान गर्न नसक्दा सरकारको नकारात्मक प्रभाव जनतामा परिराखेको छ ।
- ❖ बडापत्रको प्रयोगबाट सेवाप्रदायक विषयमा खासै सुधार हुन नसकेकाले सरकार र जनता बिच विश्वासको सङ्कट बढ्दै गएको छ ।
- ❖ नागरिक बडापत्रमा सबै पक्ष नसमेटिने हुनाले पूर्ण सूचना प्राप्त हुँदैन ।
- ❖ उल्लेख गरे कै समयमा सेवा प्रदान नहुन सक्छ जनशक्तिलाई मेसिन बनाइन्छ ।

## २.२.११ नागरिक बडापत्रका सुधारका उपायहरु

नागरिक बडापत्रका सुधारका उपायहरु निम्नानुसार रहेका छन् :

- ❖ छोटो र बहुआयामिक बनाउने,
- ❖ गुणस्तरको प्रत्याभूति गर्ने,
- ❖ धेरै भाषाहरुमा तयार पार्ने,
- ❖ कर्मचारीलाई उत्प्रेरित गर्ने,
- ❖ पढ्न सक्ने अक्षर र उपयुक्त उचाइमा राख्ने,
- ❖ सचेत नागरिकले तयार पार्ने,
- ❖ व्यवस्थापकीय पक्षमा ध्यान दिने,
- ❖ हटलाइन, टोल फ्रि नम्बर, हेल्प डेक्स आदिको व्यवस्था गर्ने,
- ❖ कर्मचारीहरुबाट पूर्ण समर्थन को वातावरण तयार पार्ने,
- ❖ सरल र बोधगम्य भाषाको प्रयोग गर्ने,
- ❖ सबै कार्यहरु समावेश गरी अनुगमन गर्ने,
- ❖ सहभागिताको आधारमा तयार पार्ने ।

## अध्याय तिन

## अध्ययन विधि र प्रक्रिया

### ३.१ अध्ययन विधि

अनुसन्धानका लागि कार्य विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । कुनै पनि व्यवस्थित कार्यका लागि आ-आफ्नै विधि प्रक्रियाहरु रहेका हुन्छन् । अनुसन्धान भन्नाले कुनै पनि विषयका बारेमा सूक्ष्म भन्दा सूक्ष्म रूपले खोजी गर्नु भन्ने बुझिन्छ । अनुसन्धान अत्यन्तै जटिल कार्य हो । अनुसन्धान कार्य औपचारिक तथा व्यवस्थित तरिकाले खोजी गर्नुपर्ने कार्य भएकाले अनुसन्धानमा विषयसँग सम्बन्धित विधि तथा पद्धतिहरुको उपयोग गरिएको पाइन्छ । यसमा सामग्रीको स्रोत, सामग्री सङ्कलन गर्ने उपकरणहरु र सङ्कलनका प्रक्रियाहरु पर्दछन् ।

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी र उपलब्धिमूलक बनाउनका लागि निश्चित विधि तरिका वा प्रक्रियाको अवलम्बन गर्नुपर्ने हुन्छ । यो शोधकार्यमा मूलतः स्थलगत अध्ययनका आधारमा सूचना सङ्कलन गरी वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धति अपनाइएको छ । यहाँ पर्सा जिल्लाका दशवटा सरकारी कार्यालयका नागरिक बडापत्रको तस्बिर लिई प्राथमिक स्रोतको रूपमा सामग्री सङ्कलन गरिएको छ । उक्त सामग्रीका आधारमा पुस्तकालीय अध्ययनमा आधारित रही ती नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । यस क्रममा शब्दकोश, व्याकरण, पूर्व शोधकार्य अन्तर्गतका शोधपत्र आदि सामग्री द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ ।

#### ३.१.१ जनसङ्ख्या र नमुना छनोट

प्रस्तुत शोधकार्य पर्सा जिल्लाका सम्पूर्ण सरकारी कार्यालयलाई जनसङ्ख्याका रूपमा लिइएको छ । सम्पूर्ण सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गर्न समय तथा अध्ययनका दृष्टिले सम्भव नभएकाले दशवटा सरकारी कार्यालयमा राखिएको बडापत्रलाई नमुनाका रूपमा छनोट गरी त्यसमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । यी दशवटा कार्यालयलाई नै नमुनाको रूपमा लिनुको कारण अन्य कार्यालयको तुलनामा सेवाग्राहीहरु बढी प्रभावित हुने र धेरै सर्वसाधरण जनताहरुले आफ्नो कामकाजको

लागि पनि यी कार्यालयहरुमा आउनुपर्ने भएकोले बढी जनसम्पर्कमा जोडिने कार्यालयको रूपमा रहेको  कार्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

ती कार्यालयहरुको नामावली यस प्रकार छ :

- जिल्ला ट्राफिक प्रहरी कार्यालय
- जिल्ला विकास समिति
- जिल्ला हुलाक कार्यालय
- जिल्ला प्रहरी कार्यालय
- जिल्ला शिक्षा कार्यालय
- राष्ट्रिय वाणिज्य बैङ्क लि.
- मालपोत कार्यालय
- नेपाल विद्युत प्राधिकरण
- बीरगञ्ज उप-महानगरपालिका
- गाउँ विकास समिति

## ३.२  तथ्य सङ्कलन प्रक्रिया

यस शोध कार्यका निम्ति मुख्यतः स्थलगत अध्ययनका आधारमा अध्ययन अगाडि बढाइएको छ । यस अध्ययनलाई अगाडि बढाउन निर्धारित क्षेत्रमा गई सम्बन्धित व्यक्ति एवम् निकायसँग सम्पर्क गरी प्राथमिक स्रोतका रूपमा रहेका नागरिक बडापत्रको तस्बिर र प्रतिलिपि लिई तथ्य सङ्कलन गरिएको छ ।

## ३.३  व्याख्या विश्लेषण

प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोतबाट प्राप्त तथ्यका रूपमा रहेका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । त्यस्तै गरी उद्देश्य अनुरूप उक्त तथ्यहरुलाई तालिकीकरण र प्रतिशत निकालेर व्याख्या विश्लेषण गरी निष्कर्ष र सुझाव समेत प्रस्तुत गरिएको छ । भाषाको अध्ययन तथा व्याख्या विश्लेषण गर्ने क्रममा शब्दकोश, व्याकरण भाषा सम्बन्धी विभिन्न पुस्तक र पूर्व शोधपत्र आदिलाई आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

## अध्याय चार

## परिणाम,छलफल र विश्लेषण

### ४.१ नागरिक बडापत्रमा प्रयुक्त भाषाको भौतिक पक्षको विश्लेषण

प्रस्तुत अध्ययन पर्सा जिल्लाका सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ । यस अध्ययन अन्तर्गत नागरिक बडापत्रमा प्रयुक्त भाषाको भौतिक पक्षको विश्लेषण पहिलो उद्देश्यको रूपमा रहेको छ । नागरिक बडापत्रको भौतिक पक्ष अन्तर्गत संरचना र शैलीका आधारमा अध्ययन अघि बढाइएको छ ।

#### ४.१.१ संरचना

कुनै पनि वस्तु निश्चित ढाँचामा संरचित हुन्छन् । खासगरी वस्तुको बनोट, आकृति र बाहिरी आवरण नै संरचना हो । वस्तुको निश्चित आकार प्रकार संरचना भए जस्तै नागरिक बडापत्रमा प्रयुक्त भाषाको पनि संरचना रहेको हुन्छ । कुनै वस्तुको बाहिरी ढाँचा आकार, प्रकार, आकृति, रूपाकृति आदिलाई संरचना भनिन्छ ।

सरकारी कार्यालयमा रााखिएका नागरिक बडापत्रमा पाइने भाषाको अध्ययन गर्दा नमुना छनोटमा परेका दशवटा बडापत्रको भौतिक पक्ष अर्न्तगत संरचनात्मक स्थितिलाई तालिकामा देखाइएको छ :

**तालिका -१**

**नागरिक बडापत्रकोसंरचनात्मक स्थिति**

| नागरिक बडापत्रको संरचना | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ खण्ड | २ | २०% |
| ३ खण्ड | १ | १० % |
| ७ खण्ड | ३ | ३०% |
| ८ खण्ड | २ | २०% |
| ९ खण्ड | २ | २०% |
| जम्मा | १०० | १०० % |

प्रस्तुत तालिका अनुसार नमुना छनोटमा परेका दशवटा नागरिक बडापत्रहरु १ देखि ९ खण्डमा संरचित रहको पाइयो । खण्ड १ मा मात्र संरचित भएको नागरिक बडापत्र २ ओटा पाइयो जुन कुल बडापत्रको २०%हुन आउँछ । खण्ड ३ मा संरचित भएको नागरिक बडापत्र १ वटा अर्थात १० %रहेकोपाइयो । खण्ड७मा संरचित भएको नागरिक बडापत्र ३ वटा अर्थात् ३० % रहेको पाइयो । त्यस्तै गरी  खण्ड ८ मा संरचित भएको नागरिक बडापत्र २ वटा अर्थात्  २० % रहेको पाइयो । यसरी हेर्दा सबैभन्दा बढी  खण्ड७मा संरचित नागरिक बडापत्र ३ वटा अर्थात्  ३० % पाइयो भने सबैभन्दा कम खण्ड ३ मा संरचित नागरिक बडापत्र १ वटा अर्थात्  १० % मात्र पाइयो, जुन नागरिकबडापत्र मधुवन मथवल गा.वि.स कार्यालयमा रहेको छ । खण्ड २, ४, ५ र ६ मा संरचित नागरिक बडापत्र एउटा पनि पाइएनन् । नमुनामा परेका नागरिक बडापत्र मध्ये खण्ड७, ८ र ९ मा संरचित नागरिक बडापत्रमा धेरै भन्दा धेरै कुराहरुको जानकारी हुने गरेको पाइयो । यस कारण७, ८ र ९ खण्डमा संरचित नागरिक बडापत्र उपयुक्त मानिन्छ । यसरी हेर्दा नमुना छनोटमा परेका नागरिक बडापत्रको भौतिक पक्ष अन्तगर्त संरचनात्मक स्थितिलाई अध्ययन विश्लेषण गर्दा धेरै नागरिक बडापत्रको संरचनागत स्थिति राम्रो रहेको पाइयो, जसलाई परिशिष्टमा पनि हेर्न सकिन्छ ।

### ४.१.२ **शैली**

शैली भनेको ढङ्ग हो । शैलीलाई तरिका वा रीति भनिन्छ । कुनै विषयलाई प्रस्तुत गर्ने तौर तरिका वा ढङ्ग ढाँचा नै शैली हो । व्यक्तिले आफ्ना मनमा उब्जेका विचार भावलाई प्रस्तुत गर्दछ भने त्यो नै शैली हो । त्यस्तै गरी सूचनाको माध्यम नागरिक बडापत्रमा पनि भिन्न-भिन्न विषयवस्तुसँग सम्बन्धितभिन्ना-भिन्नै शैलीहरु रहेका हुन्छन् । लेखन शैलीलाई कुनै निश्चित सिद्धान्त अथवा नियमका आधारमा व्याख्या गर्न सकिदैन तर यसलाई उत्कृष्ट बनाउनका लागि आदेश स्थापना गर्न भने सकिन्छ । खासगरी विषयवस्तुको आवश्यकता अनुसार विवरणात्मक, वर्णनात्मक, सूचनात्मक, निर्देशनात्मक शैलीको प्रयोग गर्न सकिन्छ ।

नागरिक बडापत्रको भौतिक पक्ष अन्तर्गत शैलीगत स्थितिलाई अध्ययन गर्दा नमुना छनोटमा रहेका दशवटा नागरिक बडापत्रमा विभिन्न किसिमका शैलीहरुको प्रयोग भएको पाइन्छ । नागरिक बडापत्रमा प्रयुक्त शैलीगत स्थिति तालिकामा देखाइएको छ :

तालिका - २

नागरिक बडापत्रको शैलीगत स्थिति

| शैली | नागरिक बडापत्रको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| **विवरणात्मक** | ४ | ४० % |
| **सूचनात्मक** | ३ | ३०% |
| **मिश्रित (विवरणात्मक र सूचनात्मक)** | ३ | ३०% |
| **जम्मा** | १० | १०० % |

माथि उल्लिखित तालिका अनुसारकार्यालयमा राखिएका नागरिक बडापत्रमा३प्रकारकाशैलीहरु प्रयोग भएको देखिन्छ । नमुनाको रूपमा छानिएका दशवटा सरकारी कार्यालयका नागरिक बडापत्र मध्ये विवरणात्मक शैलीमा ४ वटा अर्थात् ४० प्रतिशत, सूचनात्मक शैलीमा ३ वटा अर्थात् ३० प्रतिशत त्यस्तै गरी मिश्रित (विवरणात्मक र सूचनात्मक) शैलीमा ३ वटा अर्थात् ३० प्रतिशत रहेको पाइन्छ । यसरी हेर्दा सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा विवरणात्मक शैलीको बढी प्रयोग भएको देखिन्छ । वर्णनात्मक शैली र निर्देशनात्मक शैलीमा प्रयोग भएको नागरिक बडापत्र एउटा पनि पाइएनन् । मिश्रित (विवरणात्मक र सूचनात्मक) शैलीमा रहेको नागरिक बडापत्रमा धेरै कुराहरुको जानकारी हुने भएकोले उक्त शैलीमा रहेका नागरिक बडापत्र उपयुक्त मानिन्छ , जसलाई परिशिष्टमा पनि हेर्न सकिन्छ ।

## ४.२वर्ण विन्यासको आधारमानागरिक बडापत्रमा प्रयुक्त भाषाको विश्लेषण

वर्ण विन्यास भनेको वर्णहरुको रखाइ क्रम हो । भाषामा रहेका वर्णहरुलाई निश्चित क्रमको नियममा बाधेर प्रयोग गर्ने पद्धतिलाई वर्ण विन्यास भनिन्छ । भाषालाई उच्चारण अनुरूप लिपिमा रूपान्तरित गर्ने अर्थात् लेख्ने प्रक्रियामा केही नियम, व्यवस्था वा प्रविधिको पालना गर्नुपर्ने हुन्छ । वर्ण प्रतीकको नियम बमोजिमको लेखन विधान नै वर्ण विन्यास हो । वर्ण विन्यासको नियमका आधारमा तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा ह्रस्व-दीर्घ, ‘ब’ र ‘व’, पदयोग र पद वियोग, लेख्य चिह्न ‘श’,‘ष’,‘स’,‘ग्य-ज्ञ’, शिरविन्दु (ं) चन्द्रबिन्दु (ँ) आदिका आधारबाट गर्न सकिन्छ । यस अध्ययनका लागि भने ह्रस्व दीर्घ, ‘ब’ र

'व'पदयोग र पद वियोग, लेख्य चिह्न सम्बन्धी नियममा आधारित भई नमुना छनोटमा रहेका बडापत्रलाई व्याख्या विश्लेषण  गरिएको छ ।

### ४.२.१ ह्रस्व-दीर्घको प्रयोग

नेपाली भाषाको व्याकरणमा रहेका नियमहरु मध्येको एक प्रमुख नियम तथा व्यवस्था ह्रस्व-दीर्घको प्रयोग पनि हो । छोटो समयमा उच्चारण हुने मात्रालाई ह्रस्व भनिन्छ भने उच्चारणमा दीर्घता अर्थात् लामो समय लागेर उच्चारण हुने मात्रालाई दीर्घ भनिन्छ । यस्ता मात्रालाई नेपाली भाषा व्याकरणको नियमले शब्द लेखनमा ह्रस्व तथा दीर्घ सम्बन्धी प्रयोगको व्यवस्था गरेको छ । यही नियम ह्रस्व-दीर्घको प्रयोग सम्बन्धी नियमले चिनिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा पाइने भाषाको अध्ययन वर्ण विन्यासको आधारबाट यहाँह्रस्व र दीर्घको प्रयोग सम्बन्धी नियममा आधारित भई अध्ययन गरिएको छ :

#### (क) ह्रस्व को प्रयोग

नेपाली लेख्य भाषामा धेरै स्थानमा उच्चारित हुने इ/उ वर्णहरु ह्रस्व लेखिन्छन् । नेपालीमास्वर वर्णमा इ, उ /ि, ु हो भने व्यञ्जन वर्णमा कि, खि, /कु, खु आदिलाई ह्रस्वको प्रयोग सम्बन्धी व्यवस्था छ भनी उल्लेख गरिएको छ । इ, उ वर्णहरु शब्दको सुरुमा बिचमा र अन्त्यमा ह्रस्व हुन्छन् । सो व्यवस्था अनुसार लेखन नभएमा त्रुटि भएको मानिन्छ ।

नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत ह्रस्व सम्बन्धी अध्ययन गर्दा नमुना छनोटमा रहेका दशवटा नागरिक बडापत्रमा ह्रस्वको प्रयोगस्थितिलाई तालिकामा देखाउन सकिन्छ :

**तालिका - ३**

**नागरिक बडापत्रमा ह्रस्वको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | ह्रस्व शब्द सङ्ख्या | प्रतिशत | त्रुटि शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| ९४६ | ९२६ | ९७.८९ | २० | २.११ |

प्रस्तुत तालिका अनुसार सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा रहेका इ र उ उच्चारण गर्दा ह्रस्व लेखिने शब्दहरुकुल ९४६ मध्ये ९२६ शब्दमा ह्रस्वको प्रयोग गरिएको छ भने २० शब्दत्रुटि शब्दका रूपमा प्रयोग भएको देखिन्छ । यसरी त्रुटि लेखिएका शब्द सङ्ख्या २.११ प्रतिशत रहेको हुनाले ह्रस्वको प्रयोग सम्बन्धी  अध्ययनमा उक्त बडापत्रमा न्यून रूपले स्तरीय नेपाली व्याकरणिक नियमअनुसार त्रुटि भएको मानिन्छ । ती त्रुटिका उदाहरणहरु यस प्रकार रहेका छन् : सम्बन्धीत, सहीत (जिल्ला ट्राफिक कार्यालय),नपुग्दै, शूल्क (राष्ट्रिय वाणिज्य बैङ्क),नवीकरण, गरीएको, परीचय, नागरीता,( जिल्ला हुलाक कार्यालय) टेलीफोन, डीमूटी, लागी,नागरीक (जिल्ला प्रहरी कार्यालय) आदि ।

**(ख) दीर्घ सम्बन्धी**

स्तरीय नेपाली भाषामा धेरै समयमा उच्चारित हुने ई र ऊ वर्णहरु दीर्घ लेखिन्छन् । नेपालीमा दीर्घ वर्णहरु यी हुन् :स्वर वर्ण : ई, ऊ / ी, ू । व्यञ्जनसँग मिल्दा : की, खी /कू, खू आदि स्तरीय लेखनमा ई र ऊ को लेखन सम्बन्धी निश्चित व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार नलेखिएमा त्रुटि भएको मानिन्छ । ई र ऊ व्याकरणिक नियम अनुसार शब्दको सुरुमा बिचमा र अन्त्यमा दीर्घ रहन्छ ।

नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत दीर्घ सम्बन्धी अध्ययन गर्दा नमुना छनोटमा रहेका दशवटा बडापत्रमा रहेको दीर्घको प्रयोग स्थिति तालिकामा देखाइएको छ :

**तालिका - ४**

**नागरिक बडापत्रमा दीर्घको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | दीर्घ शब्द सङ्ख्या | प्रतिशत | त्रुटि शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| **२०६** | १६५ | ८०.१० | ४१ | १९.९० |

माथि उल्लिखित तालिका अनुसार सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा रहेका दीर्घ 'ई' र 'ऊ' उच्चारण गर्दा दीर्घ लेखिने शब्दहरु कुल २०६ शब्द मध्ये १६५ शब्दमा दीर्घको प्रयोग गरिएको छ भने ४१ शब्द त्रुटि शब्दका रूपमा नागरिक बडापत्रमा प्रयोग भएको पाइन्छ । यसरी त्रुटि लेखिएका शब्द सङ्ख्या १९.९० प्रतिशत रहेको हुनाले दीर्घको प्रयोग सम्बन्धी  अध्ययनमा उक्त बडापत्रमा ह्रस्वको प्रयोग स्थितिको

तुलनामा दीर्घको प्रयोग स्थिति केही मात्रामा स्तरीय नेपाली व्याकरणिक नियमअनुसार बढी त्रुटि भएको मानिन्छ । ती त्रुटिका उदाहरणहरु यस प्रकार रहेका छन् : कम्पनिहरु, चल्ति, स्थानिय (राष्ट्रिय वाणिज्य बैङ्क),शरिर, गरि, सम्बन्धि (जिल्ला प्रहरी कार्यालय) आदि ।

### ४.२.२ 'ब' र 'व' को प्रयोग

स्तरीय नेपाली भाषामा प्रयुक्त 'ब' र 'व' उच्चारण गर्दा छुट्टिन्छ । नेपालीमा 'व' उच्चारण हुने शब्दहरु ज्यादै कम छन् । सबै तत्सम शब्दमा प्राय 'व' लेखिए तापनि 'ब' नै उच्चारण गरिने हुनाले यी दुईका लेख्य भेद छुट्याउन गाह्रो पर्दछ । नेपाली भाषाका कतिपय शब्दमा 'व' बोलेर 'ब' लेखिने र 'ब' बोलेर 'व' लेखिने पनि गरिन्छ । 'ब' र 'व' का उच्चारण स्थल पनि फरक रहेको छ । 'ब' को उच्चारण ओष्ठबाट हुन्छ र यसलाई उच्चारण आधारमा ओष्ठ्य वर्ण पनि भनिन्छ । 'व' को उच्चारण ओठ र दाँतबाट एकै साथ गरिन्छ । त्यसैले तत्सम शब्दहरुले हाम्रो नेपाली भाषामा 'ब' र 'व' वर्णको लेखन व्यवस्थालाई निकै जटिल बनाएको छ ।

सरकारी कार्यालय रहेका नागरिक बडापत्रमा पाइने भाषाको अध्ययन वर्ण विन्यासको 'ब' र 'व' को प्रयोगमा आधारित भई अध्ययन गरिएको छ :

### (क) 'ब' को प्रयोग

नेपाली भाषामा रहेका वर्णलाई वर्ण विन्यासको नियमको आधारमा राखिन्छ । 'ब' को प्रयोग सम्बन्धी पनि केही नियमहरु रहेका छन् । सबै तद्भव शब्दमा, आगन्तुक शब्दमा, सबै धातुमा, क्रियापदमा, अव्यय पदमा, बि, बे, बद् उपसर्ग लागेमा 'ब' को प्रयोग गरिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त शब्दहरुमा 'ब' को प्रयोग गरिने स्थितिलाई तालिकामा देखाइएको छ :

**तालिका - ५**

**नागरिक बडापत्रमा 'ब'को प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | 'ब'शब्द सङ्ख्या | प्रतिशत | त्रुटि शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| ७२ | ५९ | ८१.९४ | १३ | १८.०६ |

प्रस्तुत तालिका अनुसार सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा 'ब' को प्रयोग गर्नुपर्ने शब्दहरु कुल७२ शब्द मध्ये ५९ शब्दमा 'ब' को प्रयोग गरिएको छ भने १३ त्रुटि शब्दमा 'व' को प्रयोग गरिएको छ । 'व' को प्रयोग व्यवहारिक रूपमा व्याकरणिक नियम अनुसार त्रुटि भएको मानिन्छ । ती त्रुटिहरुउदाहरणको रूपमा यस प्रकार रहेका छन्: वडापत्र (जिल्ला ट्राफिक कार्यालय),वाट, केवुल, सिलवन्दी (जिल्ला हुलाक कार्यालय) आदि ।

### (ख) 'व' को प्रयोग

नेपाली वर्णमालामा प्रचलित वर्णलाई कतिपय स्थानमा कथ्य र लेख्य भाषामा एउटै किसिमले व्यक्त गर्नुपर्ने हुन्छ । संस्कृत भाषाबाट आएका तत्सम शब्दहरुमा 'व' लेख्नुपर्ने स्थानमा 'व' नै लेखिन्छ । आवट, उवा, वाल आदि प्रत्यय लागेका शब्दमा वि, सम, उपसर्ग लागेका शब्दमा र व्य जस्तो शब्द आएमा 'व' को प्रयोग गरिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त शब्दहरुमा 'व' को प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका - ६**

**नागरिक बडापत्रमा 'व' को प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | 'व'शब्द सङ्ख्या | प्रतिशत | त्रुटि शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १३४ | १२८ | ९५.५२ | ०६ | ४.४८ |

माथि उल्लिखित तालिका अनुसार सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा 'व' को प्रयोग भएका कुल १३४ शब्दहरु मध्ये १२८ शब्दमा 'व' को प्रयोग गरिएको छ भने ०६ शब्दलाई त्रुटि शब्दकोरूपमा प्रयोग गरिएको छ । 'ब' को प्रयोग स्थितिको तुलनामा 'व'को प्रयोग स्थिति तुलनात्मक रूपमाव्याकरणिक नियमका आधारमा कम त्रुटि भएको पाइन्छ । ती त्रुटिहरु उदाहरणको रूपमा यस प्रकार रहेका छन् : निबेदन, बिभाग (जिल्ला हुलाक कार्यालय),सुबिधाब्यवसायी, बिबरण (जिल्ला प्रहरी कार्यालय) आदि ।

### ४.२.३ पदयोग र पद वियोगको प्रयोग

पदयोग भनेको शब्दहरुलाई जोडेर लेख्नु हो भने पद वियोग भनेको शब्दहरुलाई छुट्याएर लेख्नु हो । स्तरीय नेपालीमा कस्ता कस्ता पदलाई पदयोग गर्ने, कस्ता कस्ता पदलाई पद वियोग गर्ने भन्ने सम्बन्धमा व्याकरणिक नियमको वर्ण विन्यास सम्बन्धी नियममा व्यवस्था गरिएको छ । पदलाई जोडेर अथवा एउटै डिकोमा राख्नेलाई पदयोग र नजोडिकन अथवा एउटै डिकोमा नराख्नेलाई पद वियोग भनिन्छ । पदयोग गर्नुपर्ने ठाउँमा पदयोग गरिएन भने पद वियोग गर्ने ठाउँमा पद वियोग गरिएन भने त्यस्ता शब्दले अर्थको अनर्थ दिने गर्छ । जसलाई नेपाली भाषाको व्याकरणिक नियम अनुसार त्रुटि भएको मानिन्छ ।

सरकारी  कार्यालयमा राखिएका नागरिक बडापत्रमा भाषाको अध्ययन गर्दा वर्ण विन्यासको नियममा रहेको पदयोग र पद वियोगको प्रयोग सम्बन्धी नियममा आधारित भई अध्ययन गरिएको छ :

**(क) पदयोगको प्रयोग**

नेपाली भाषामा रहेका शब्दहरुलाई एउटै डिकोमा राख्नु पदयोग हो । पदयोग गर्नुपर्ने शब्दहरुलाई पद वियोग गरिएमा त्यो त्रुटि हुन पुग्छ । पदयोग विभक्ति, उपसर्ग, प्रत्यय, नामयोगी शब्दहरुमा, समास, द्वित्व, संयुक्त क्रियाहरुमा र अकरणको न मा जोडेर लेखिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत पर्ने पदयोगको प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका - ७**

**नागरिक बडापत्रमा पदयोगको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | पदयोगशब्द सङ्ख्या | प्रतिशत | त्रुटि शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| २०२ | १६० | ७९.२ | ४२ | २०.७९ |

माथि उल्लिखित तालिका अनुसार सरकारी कार्यालयमा रहेका नागरिक बडापत्रमा पदयोग गर्नुपर्ने शब्दहरुको कुल२०२ रहेको मा १६०शब्दमापदयोग गरिएको छ भने ४२ शब्दमा त्रुटि

रहेको छ ।  यसरी देखिएको त्रुटिले नागरिक बडापत्रमा अर्थको अनर्थ लगाएको पाइन्छ । ती त्रुटिका उदाहरणहरु यस प्रकार रहेका छन् : लाल पुर्जा, प्रतिलिपि, बडा पत्र (नेपाल विद्युत प्राधिकरण), फोटो कपी (जिल्ला प्रहरी कार्यालय), छात्रा वास, बाल विकास, किताब खाना ( जिल्ला शिक्षा कार्यालय) आदि ।

**(ख) पद वियोगको प्रयोग**

नेपाली भाषामा रहेका शब्दहरुलाई छुट्टा छुट्टै डिकोमा राख्नु नै पद वियोग हो । पद वियोग गर्नुपर्ने शब्दलाई पदयोग गरियो भने त्यो व्याकरणिक नियम अनुसार त्रुटि हुन्छ । पद वियोग वाक्यमा प्रत्येक शब्दहरु विभक्ति भन्दा पछि आएका विभक्ति, निपात, कालका पक्षहरु आदिमा गरिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत पर्ने पद वियोगको प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका- ८**

**नागरिक बडापत्रमा पद वियोगको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | पद वियोगशब्द सङ्ख्या | प्रतिशत | त्रुटि शब्द सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| **१६९४** | १६८९ | ९९.७० | ०५ | ०.३० |

माथि उल्लिखित तालिका अनुसार सरकारी कार्यालयमा रहेका नागरिक बडापत्रमा प्रयुक्त पद वियोग गर्नुपर्ने शब्दहरु कुल १६९४ रहेको छ । यी शब्दहरु मध्ये १६८९ शब्दमा पद वियोग  गरिएको छ भने ०५ शब्द त्रुटिको रूपमा प्रयोग गरिएको छ । पदयोगको प्रयोग स्थितिको तुलनामा पद वियोगको प्रयोग स्थितिमा व्याकरणिक नियम अनुसार अत्यन्तै कम त्रुटि भएको पाइन्छ ।यसरी कम त्रुटि हुनु सकारात्मक पक्ष मानिन्छ । पद वियोगको प्रयोग स्थितिमा भएका त्रुटिहरुका केही उदाहरणहरुयस प्रकार रहेका छन् : श्रमविभाग, उपशाखा ( जिल्ला प्रहरी कार्यालय) आदि ।

**४.२.४ लेख्य चिह्नको प्रयोग**

नेपाली भाषामालेख्य वर्णहरु बाहेक लेख्य चिह्नहरुको प्रयोग पनि गरिन्छ । लेख्य भाषामा विभिन्न अवयवहरुलाई सन्तुलन कायम गर्नका लागि लेखाइमा प्रयुक्त हुने

चिह्नलाई नै लेख्य चिह्न भनिन्छ । वाक्यमा प्रयुक्त भएका प्रत्येक अवयवहरुको पारस्परिक सम्बन्ध जनाउन, विश्राम लिन र अर्थ खुलाउनका लागि लेख्य चिह्नको प्रयोग गरिन्छ । अल्पविराम (,), अर्धविराम (;), सापेक्षविराम (-:), पूर्णविराम (।), योजक चिह्न (-), प्रश्नवाचक चिह्न (?), निर्देशक चिह्न (:-) आदि लेख्य चिह्नहरुकारूपमा रहेका छन् ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन वर्ण विन्यासको  आधार गरिएको छ । वर्ण विन्यासको नियम भित्र पर्ने लेख्य चिह्नहरु मध्येको पूर्णविराम (।), अल्पविराम (,), कोष्ठक चिह्न (), ऐजन चिह्न ("), निर्देशक चिह्न (:-/) को आधारबाट नमुना छनोटमा रहेका दशवटा सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गरिएको छ ।

**(क) पूर्णविराम (।) को प्रयोग**

सामान्यतया वाक्य पूरा हुँदा प्रयोग गरिने चिह्न पूर्णविराम हो । यो सरल, संयुक्त र मिश्र वाक्यहरु पूरा हुँदा प्रयोग गरिन्छ । यस्तो अवस्थामा पूर्णविराम चिह्नको प्रयोग नगरिनु गल्ती हो । व्याकरणिक नियमानुसार यस्तो अवस्थामा पूर्णविराम चिह्नको प्रयोग नगरिएको अवस्थालाई त्रुटि भएको मानिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा वर्ण विन्यासको आधारमा लेख्य चिह्न अन्तर्गत पूर्णविरामको प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका -९**

**नागरिक बडापत्रमा पूर्णविरामको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | पूर्णविरामको प्रयोग गरिएको | प्रतिशत | पूर्णविरामको प्रयोग नगरिएको | प्रतिशत |
|---|---|---|---|---|
| ७७ | ४९ | ६३.६४ | २८ | ३६.३६ |

माथि उल्लिखित तालिका अनुसार पूर्णविराम प्रयोग गर्नुपर्ने कुल७७ स्थान रहेकोमा पूर्णविरामको प्रयोग गरिएको स्थान ४९ रहेको छ भने पूर्णविराम प्रयोग नगरिएको स्थान २८ रहेको छ  ।त्यस्तै गरी  पूर्णविराम प्रयोग गर्नु नपर्ने ठाँउमा पनि पूर्णविरामको प्रयोग

गरिएको छ । यसरी गरिएका पूर्णविरामहरु  व्याकरणिक नियम अनुसार त्रुटि भएको मानिन्छ ।त्रुटि भएका केही उदाहरणहरु यस प्रकारका छन् :अपराध बाहेकको अवस्थामा पक्राउ पूर्जी माग गर्ने (जिल्ला प्रहरी कार्यालय), अन्य जिल्ला वा गा.वि.स. बाट बसाइसरी आएको हकमा बसाइसराई प्रमाण–पत्र(वीरगञ्ज उप-महानगरपालिका) ।

**(ख) अल्पविराम (,)को प्रयोग**

समान वर्ण, पद, पदावली र उपवाक्यलाई छुट्याउँदा प्रयोग गरिने चिह्नलाई अल्पविराम भनिन्छ । वाक्यमा लिइने छोटो विश्रामलाई अल्पविरामले सङ्केत गर्दछ । अल्पविरामको प्रयोग समान वर्ण, समान पद, पदावली, उपवाक्यमा सम्बोधन गरिएका शब्द,उद्धरण चिह्न दिएमा उपवाक्यको अगाडि आदि स्थानमा अल्पविरामको प्रयोग गरिन्छ । यी अवस्थामा अल्पविरामको प्रयोग नहुनु व्याकरणिक नियम अनुसार त्रुटि भएको मानिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा वर्ण विन्यासको आधारमा लेख्य चिह्न सम्बन्धी अध्ययन अन्तर्गत अल्पविरामको प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका -१०**

**नागरिक बडापत्रमा अल्पविरामको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | अल्पविरामको प्रयोग गरिएको | प्रतिशत | अल्पविरामको प्रयोग नगरिएको | प्रतिशत |
|---|---|---|---|---|
| ४५ | ३१ | ६८.८९ | १४ | ३१.११ |

माथि उल्लिखित तालिका अनुसार अल्पविराम प्रयोग गर्नुपर्ने कुल४५ स्थान रहेकोमा ३१ स्थानमा अल्पविरामको प्रयोग गरिएको छ भने अल्पविराम प्रयोग नगरिएको स्थान १४ रहेको छ  । यसरी बडापत्रमा प्रयोग नगरिएका अल्पविरामहरु व्याकरणिक नियम अनुसार त्रुटि भएको मानिन्छ ।  त्रुटि भएका केही उदाहरणहरु यस प्रकारका छन् :पेन्सनको हकमा प्रयोजन हेरी संयुक्त कोटा नाम नम्बर पद पत्नीको नाम देखिने पेन्सन पट्टाको प्रतिलिपि( वीरगञ्ज उप-महानगरपालिका) ।

### (ग) कोष्ठक चिह्न () को प्रयोग

कोष्ठक चिह्नहरु खासगरी गणितमा प्रयुक्त हुने भए तापनि अर्थलाई स्पष्ट पार्न र केही कुरा थप्न भाषिक अभिव्यक्तिमा पनि प्रयोग गरिन्छ । कुनै सिलसिलामा थप जानकारी दिनु परेमा त्यही ठाँउमा कोष्ठक चिह्नको प्रयोग गरिन्छ । कोष्ठक चिह्न तिन प्रकारका हुन्छन् । { }, [],() तिन प्रकारका कोष्ठक चिह्न मध्ये भाषिक प्रयोगमा भने सानो कोष्ठक()चिह्नको मात्र प्रयोग गर्ने प्रचलन रहेको छ । कुनै कुराको बारेमा थप जानकारी दिने क्रममा कोष्ठक चिह्नको प्रयोग नगरिएमा नेपाली भाषाको व्याकरणिक नियम अनुसार त्रुटि भएको मानिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको वर्ण विन्यासको आधारमा लेख्य चिह्न सम्बन्धी अध्ययन अन्तर्गत कोष्ठक चिह्नको प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका - ११**

**नागरिक बडापत्रमा कोष्ठक चिह्नको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | कोष्ठक चिह्नको प्रयोग गरिएको | प्रतिशत | कोष्ठक चिह्नको प्रयोग नगरिएको | प्रतिशत |
|---|---|---|---|---|
| २८ | २८ | १०० | ० | ० |

माथि उल्लिखित तालिका अनुसार कोष्ठक चिह्नको प्रयोग गर्नुपर्ने कुल २८ स्थान रहेकोमा २८ नै स्थानमा कोष्ठक चिह्नको प्रयोग गरिएको छ । यसरी नागरिक बडापत्रमा कोष्ठक चिह्नको प्रयोग शत प्रतिशत सही पाउनु नागरिक बडापत्रको सकारात्मक पक्ष मानिन्छ ।

### (घ) ऐजन चिह्न (") को प्रयोग

कुनै कुरा दुरुस्त दोहोरिएमा त्यसको ठिक तल ऐजन चिह्नको प्रयोग गरिन्छ । पुनः त्यही शब्द दोहोरिने भएमा त्यसको तलतिर ऐजन चिह्न (") दिनुपर्ने ठाउँमा ऐजन चिह्न नदिई अरू चिह्न दिएमा अर्थात् ऐजन चिह्नको प्रयोग नगरिएमा त्यहाँ व्याकरणिक त्रुटि भएको मानिन्छ । अन्यथा त्यही शब्दलाई अनिवार्य रूपमा लेख्नुपर्ने हुन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा वर्ण विन्यासको आधारमा लेख्य चिह्न सम्बन्धी अध्ययन अन्तर्गत ऐजन चिह्नको प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका - १२**

**नागरिक बडापत्रमा ऐजन चिह्नको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | ऐजन चिह्नको प्रयोग गरिएको | प्रतिशत | ऐजन चिह्नको प्रयोग नगरिएको | प्रतिशत |
|---|---|---|---|---|
| २९२ | २०५ | ७०.२१ | ८७ | २९.७९ |

माथि उल्लिखित तालिका अनुसार ऐजन चिह्नको प्रयोग गर्नुपर्ने कुल २९२ स्थान रहेकोमा २०५ स्थानमा ऐजन चिह्नको प्रयोग गरिएको छ भने ८७ स्थानमा ऐजन चिह्नको प्रयोग गरिएको पाइदैन । यसरी नागरिक बडापत्रमा प्रयोग नगरिएका ऐजन चिह्नहरु व्याकरणिक नियम अनुसार त्रुटि भएको मानिन्छ ।

(ङ) **निर्देशक चिह्न (:-/)को प्रयोग**

कुनै कुराको निर्देशन गर्दा निर्देशक चिह्नको प्रयोग गरिन्छ । कुनै कुरालाई त्यसको बारेमा थप कुरा लेख्नुपर्दा निर्देशक चिह्न (:-/) को प्रयोग गर्नुपर्ने हुन्छ । निर्देशक चिह्नको प्रयोग गर्नुपर्ने स्थानमा यदि निर्देशक चिह्नको प्रयोग नगरी लेखिएमा त्यो नेपाली भाषाको व्याकरणिक नियम अनुसार त्रुटि भएको मानिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा वर्ण विन्यासको आधारमा लेख्य चिह्न सम्बन्धी अध्ययन अन्तर्गत निर्देशक चिह्नको प्रयोग स्थितिलाई तालिकामा देखाइएको छ :

**तालिका - १३**

**नागरिक बडापत्रमा निर्देशक चिह्नको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | निर्देशक चिह्नको प्रयोग गरिएको | प्रतिशत | निर्देशक चिह्नको प्रयोग नगरिएको | प्रतिशत |
|---|---|---|---|---|
| ४३ | ४३ | १०० | ० | ० |

प्रस्तुत तालिका अनुसार निर्देशक चिह्नको प्रयोग गर्नुपर्ने कुल ४३ स्थान रहेकोमा ४३ स्थानमा नै निर्देशक चिह्नको प्रयोग गरिएको पाइन्छ । यसरी नागरिक बडापत्रमा शत प्रतिशत निर्देशक चिह्नको प्रयोग गरिनु नागरिक बडापत्रको सकारात्मक पक्ष मानिन्छ ।

### ४.३ नागरिक बडापत्रमा प्रयुक्त शब्द भण्डारको विश्लेषण

कुनै पनि भाषामा रहेका शब्दहरुको भण्डार नै शब्द भण्डार हो । शब्द भाषाको आधारभूत तथा लघुत्तम एकाई हो । सामान्यतया ध्वनिको श्रावणिक कार्यमा सघाउने अवयव कान द्वारा सुनिने  सार्थक आवाज शब्द हो । एक वा एक भन्दा बढी वर्णहरु द्वारा शब्दको निर्माण हुन्छ । रचनाका दृष्टिले वाक्यमा शब्दको मुख्य स्थान हुन्छ । भाषाका आधारभूत सिपहरु सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमता बढाउन शब्दले महत्त्वपूर्ण भूमिका खेल्दछ । 'वाक्' क्रियाको सशक्त माध्यम शब्द भएकोले शब्द विना 'वाक्' क्रिया असम्भव हुन्छ । शब्दको विस्तारसँगै भाषाको विस्तार पनि हुन्छ । भाषालाई जीवित राख्ने प्रयास गर्नुपर्दछ अन्यथा शब्द र भाषाको अस्तित्व नै खतरामा पर्न सक्छ ।

कुनै पनि भाषामा भएका शब्दहरु त्यस भाषाका प्रयोक्ताले प्रयोग गर्ने शब्दहरुको समष्टि नै शब्दभण्डार हो । शब्द भण्डारका सापेक्षतामा वाक्यमा कुन शब्द कुन अर्थमा कसरी प्रयोग भएको छ? र कुन शब्दको काम के कस्तो हुन्छ? भन्ने कुरा थाहा पाउन त्यस शब्द र त्यस शब्दको विषयमा उपयुक्त जानकारी हुन अत्यावश्यक हुन्छ । शब्द भण्डारको छनोट गर्दा संरचनात्मक प्रकृतिका शब्दहरुलाई आधारभूत शब्द ठानी प्राथमिकताका साथ छनोट गर्नुपर्दछ । लक्षित पाठकको रूचि, क्षमता, स्तर र आवश्यकता अनुरूप शब्दहरुको छनोट, स्तरण र नियन्त्रण गरेर विचार विनिमयको क्षमता अभिवृद्धि गराउने पहल गर्नुपर्दछ ।

भाषामा सबै शब्दहरु उस्तै प्रकृतिका हुँदैनन् । कुनै शब्दहरु यस्ता हुन्छन् जुन शब्दहरुले  विभिन्न संरचनात्मक आकृति देखाउँछन् अनि त्यस्ता शब्दहरुले बेग्लाबेग्लै अर्थ र अभिप्राय बहन गरी प्रयोगमा आँउछन् । प्रसङ्ग अनुसार शब्दले दिएको अर्थ बुझ्नका लागि पनि शब्द भण्डारको महत्त्वपूर्ण भूमिका हुन्छ । शब्द भण्डार अन्तगर्त जति नाम वर्गका शब्दहरू छनोटको विकल्पहरुको सम्भावना प्रशस्त मात्रामा हुन्छ त्यति अन्य वर्गमा हुँदैन । क्रियायोगी, क्रियापद, विशेषण, नामवर्गमा पर्ने कोशीय शब्दहरुको छनोटका विकल्प

धेरै हुन्छन् । सर्वनाम, नामयोगी, संयोजक, क्रियायोगी, निपात जस्ता शब्दहरु शब्द भण्डारका दृष्टिले न्यून हुन्छन् । नमुना छनोटमा परेको दशवटा सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा शब्द भण्डारको  विश्लेषण गर्ने क्रममा संरचनाका आधारमा शब्द भण्डार, स्रोतका आधारमा शब्द भण्डार र विषयक्षेत्रका आधारमा शब्द भण्डारको अध्ययन गरिएको छ ।

### ४.३.१ संरचनाका आधारमा शब्दभण्डार

संरचनाका आधारमा शब्दहरु व्युत्पन्न र अव्युत्पन्नगरी दुई किसिमका हुन्छन् ।व्युत्पन्न शब्दले कुनै तत्त्वमा उपसर्ग र प्रत्यय लागेर बनेका समास, द्वित्व द्वारा बनेका शब्दलाई जनाँउछ भने अव्युत्पन्न शब्दले उक्त कुनै पनि प्रकृियामा सङ्लग्न नभएको वा उपसर्ग, प्रत्यय आदि नलागेको शब्दहरुलाई जनाउँछ ।

नमुना छनोटमा परेको दशवटा सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा संरचनाको आधारमा शब्द भण्डारको अध्ययन गरिएको छ :

**(अ) व्युत्पन्न शब्द**

रचना वा बनोट हुने शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । व्युत्पन्नको अर्थ बनेको वा निर्माण गरिएको भन्ने हो । यो अरु कुनै शब्दमा उपसर्ग, प्रत्यय आदि योग भई निर्मित वा व्युत्पादित हुन्छ । यी शब्दहरु टुक्राउन सकिन्छ ।

संरचनात्मक दृष्टिले व्युत्पन्न शब्दहरु विभिन्न प्रकारले बनेका छन् । उपसर्ग, प्रत्यय (कृत प्रत्यय र तद्धित प्रत्यय), समास आदि प्रक्रियाबाट बनेका शब्दहरु नागरिक बडापत्रमा प्रयोग भएका छन् । जसको उदाहरण तल प्रस्तुत गरिएको छ :

**(१) उपसर्ग प्रक्रिया**

| | |
|---|---|
| अनु + सार = अनुसार | (मधुवन मथवल गा.वि.स.) |
| प्र + मुख =प्रमुख | (जिल्ला शिक्षा कार्यालय) |
| निस् + शुल्क= निःशुल्क | (जिल्ला प्रहरी कार्यालय) |
| सम + युक्त =  संयुक्त | (जिल्ला हुलाक कार्यालय) |

**(२) प्रत्यय प्रक्रिया**

**(क) कृत प्रत्यय**

| | |
|---|---|
| तिर + एको = तिरेको | (मालपोत कार्यालय) |
| लिख् + इत = लिखित | (जिल्ला प्रहरी कार्यालय) |
| सर + उवा = सरुवा | (जिल्ला शिक्षा कार्यालय) |
| कृ + य = कार्य | (जिल्ला विकास समिति) |

**(ख) तद्धित प्रक्रिया**

| | |
|---|---|
| अर्थ + इक = आर्थिक | (जिल्ला हुलाक कार्यालय) |
| खात् + आ = खाता | (राष्ट्रिय वाणिज्य बैङ्क) |
| शिक्षा + इक = शैक्षिक | (जिल्ला शिक्षा कार्यालय) |

**(ग) समास प्रक्रिया**

| | |
|---|---|
| फोटो र कपी = फोटोकपी | (जिल्ला ट्राफिक कार्यालय) |
| माल र पोत = मालपोत | (मालपोत कार्यालय) |
| बडा र पत्र = बडापत्र | (जिल्ला प्रहरी कार्यालय) |
| दिन र भित्र = दिनभित्र | (जिल्ला शिक्षा कार्यालय) |

**(आ) अव्युत्पन्न शब्द**

रचना वा बनोट नहुने शब्दलाई अव्युत्पन्न वा मूल शब्द भनिन्छ । यो शब्द अरु कुनै शब्दबाट व्युत्पन्न हुँदैन । यो शब्द टुक्राउन सकिदैन । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा संरचनात्मक दृष्टिले अव्युत्पन्न शब्दका केही उदाहरणहरु यस प्रकार छन् :एक, ऐन, काम, छुट, टिकट, थप, किसिम, जिल्ला, पेश, अन्य, उजुरी, क्षेत्र, छाप, केन्द्र, तथा, शुल्क, रसिद, सेवा आदि ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा भएका व्युत्पन्न र अव्युत्पन्न शब्दलाई हेर्दा अव्युत्पन्न वा मूल शब्दको तुलनामा व्युत्पन्न शब्दहरुको बढी प्रयोग भएको पाइन्छ । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा शब्द भण्डारको

विश्लेषण गर्ने क्रममासंरचनाको आधारमा शब्द भण्डारको प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका - १४**

**संरचनाका आधारमा शब्द भण्डारको प्रयोग स्थिति**


| जम्मा शब्द सङ्ख्या | व्युत्पन्न शब्द प्रयोग गरिएको | प्रतिशत | अव्युत्पन्न शब्दप्रयोगगरिएको | प्रतिशत |
|---|---|---|---|---|
| २१०४ | १३८७ | ६५.९२ | ७१७ | ३४.०८ |

प्रस्तुत तालिका अनुसार सरकारी कार्यालयमा रहेका नागरिक बडापत्रमा प्रयुक्त संरचनाका आधारमा शब्द भण्डारको अध्ययन गर्दा नागरिक बडापत्रमा रहेका शब्दहरुलाई टिपोट गर्ने क्रममा जम्मा २१०४ शब्दहरु मध्ये व्युत्पन्न शब्दहरु १३८७ रहेको छ भने अव्युत्पन्न शब्दहरु ७१७रहेको पाइन्छ। व्युत्पन्न शब्दका तुलनामा अव्युत्पन्न शब्दको प्रयोग कम भएको पाइन्छ।

माथि उल्लिखित विवरणलाई वृत्त चित्रमा पनि देखाइएको छ :

**चित्र - १**

**संरचनाको आधारमा शब्द भण्डार**




व्युत्पन्न शब्द - ६५.९२

अव्युत्पन्न शब्द - ३४.०८

### ४.३.२ स्रोतको आधारमा शब्दभण्डार

कुनै पनि वस्तुको उत्पत्ति भएको ठाँउ वा मुहानलाई स्रोत भनिन्छ । नेपाली भाषामा प्रयोग भएका शब्दहरु कुन कुन भाषाबाट आएका हुन् भनेर गरिने अध्ययन नै स्रोतका आधारमा गरिने शब्द भण्डारको अध्ययन हो । नेपाली भाषामा धैरै जसो शब्दहरु संस्कृत भाषाबाट आएका छन् भने केही शब्दहरु अन्य भाषाबाट पनि आएका छन । यस आधारमा नेपाली शब्दहरुलाई तत्सम, तद्‌भव र आगन्तुक गरी तिन भागमा वर्गीकरण गर्न सकिन्छ ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा भएका तत्सम, तद्‌भव र आगन्तुक शब्दलाई हेर्दा तद्‌भव र आगन्तुक शब्दको तुलनामा तत्सम शब्दहरुको प्रयोग बढी भएको पाइन्छ । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा शब्द भण्डारको विश्लेषण गर्ने क्रममा स्रोतका आधारमा शब्द भण्डारको प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका - १५**

**स्रोतका आधारमा शब्द भण्डारको प्रयोग स्थिति**

| जम्मा शब्द सङ्ख्या | तत्सम शब्द | प्रतिशत | तद्‌भव शब्द | प्रतिशत | आगन्तुक शब्द | प्रतिशत |
|---|---|---|---|---|---|---|
| २१०४ | ११५१ | ५४.७१ | ७२१ | ३४.२५ | २३२ | ११.०४ |

माथि उल्लिखित तालिका अनुसार सरकारी कार्यालयमा रहेका नागरिक बडापत्रमा प्रयुक्त स्रोतका आधारमा शब्द भण्डारको अध्ययन गर्दा नागरिक बडापत्रमा रहेका शब्दहरुलाई टिपोट गर्ने क्रममा जम्मा २१०४ शब्दहरुमध्ये ११५१ शब्दहरु तत्सम शब्दका रूपमाप्रयोग भएका छन् भने ७२१ शब्दहरु तद्‌भव शब्दका रूपमाप्रयोग भएका छन् । त्यसैक्रममा आगन्तुक शब्दका रूपमा २३२ शब्दहरु मात्र प्रयोग भएका छन् । यसरी हेर्दा नागरिक बडापत्रमा सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएको देखिन्छ ।

तत्समको अर्थ त्यस्तै भन्ने हुन्छ । संस्कृत भाषाबाट रूप परिवर्तन नभई जस्ताको तस्तै नेपाली भाषामा आएका शब्दलाई तत्सम शब्द भनिन्छ । यस्ता शब्दहरु संस्कृतकै वर्ण विन्यास अनुसार लेखिन्छ । नागरिक बडापत्रमा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरु

यस प्रकार रहेका छन् : दैनिक, अञ्चल, अध्ययन, अनुसार, अनुसूची, अपराध, आर्थिक, उपलब्ध, औषधी, कार्यालय, क्षेत्र, गर्भ, गोष्ठी, धनादेश, प्रमुख, निर्माण, प्रमाण, प्रमुख, प्राप्त, मूल, मौखिक, वर्ग शाखा, सङ्घ, शिक्षक, समय, समूह,साधारण, सहित, सम्पूर्ण, सामान्य, राष्ट्रिय, कार्यक्रम आदि ।


संस्कृत भाषाबाट रूप परिवर्तन भई नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द भनिन्छ । तद्भव शब्दहरु संस्कृतबाट प्राकृत र अपभ्रंस हुँदै नेपाली भाषामा आइपुग्छन् ।नागरिक बडापत्रमा प्रयुक्त तद्भव शब्दका केही उदाहरणहरु यस प्रकार रहेका छन् : एक, खाता, गुनासो, छुट, ठेगाना, थप, दर्ता, धरौटी, भित्र, माग, लक्षित, सरसफाई, मसान्त, सरुवा, चलान, जग्गा, जानकारी, हुनु आदि ।

संस्कृत भाषा बाहेक नेपालका विभिन्न राष्ट्रभाषा र अर्न्तराष्ट्रिय भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । सूचना र प्रविधिको विकाससँगै नेपाली भाषामा आागन्तुक शब्दको प्रयोग बढ्दो क्रममा रहेको छ । यसै क्रममा नागरिक बडापत्रमा प्रयुक्त आगन्तुक शब्दका केही उदाहरणहरु यस प्रकार रहेका छन् : इजाजत, उजुरी, ऐन, काउण्टर, किसिम, खरिद, जिन्सी, टिकट, टेलिफोन, डिजाइन, तारिख, नक्सा, तलब, मिनेट, फोटो, फोटोकपी, बमोजिम, बिल, तह, भौचर आदि ।

माथि उल्लिखित विवरणलाई तल वृत्त चित्रमा पनि देखाइएको छ :

**चित्र - २**

**स्रोतका आधारमा शब्द भण्डार**



### ४.३.३ विषय क्षेत्रका आधारमा शब्द भण्डार

कुनै पनि भाषामा भएका शब्दहरु त्यस भाषाका प्रयोक्ताले प्रयोग गर्ने शब्दहरुको समष्टि नै शब्द भण्डार हो । शब्द भण्डारका सापेक्षतामा वाक्यमा कुन कुन विषय क्षेत्रका शब्दको प्रयोग कसरी भएको छ ? कुन कुन शब्द कुन कुन विषयक्षेत्रका हुन् ? भन्ने कुरा थाहा पाउनु अत्यावश्यक हुन्छ । नमुना छनोटमा परेका दशवटा सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा विभिन्न विषय क्षेत्रका आधारमा शब्द भण्डारको अध्ययन गरिएको छ ।

#### (अ) शिक्षाक्षेत्रमा आधारित शब्द

कुनै पनि भाषामा भएका शब्दहरु शिक्षासँग सम्बन्धित छन् भने उक्त शब्दलाई शिक्षा क्षेत्रमा आधारित शब्द भनिन्छ । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा भएका जम्मा २१०४ शब्दहरु मध्ये ३०२ शब्दहरु शिक्षा क्षेत्रमा आधारित शब्द रहेका छन् । नागरिक बडापत्रमा प्रयुक्त भाषामा शिक्षा क्षेत्रमा आधारित शब्दका केही उदाहरणहरु यस प्रकार रहेका छन् : शिक्षा, अस्थायी, स्थायी, परीक्षा, भर्ना, शैक्षिक, सामग्री, शिक्षा कार्यालय, शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा, चौमासिक रकम, शिक्षा आयोग, शिक्षक, शिक्षा नियमावली, विद्यालय, मार्कसिट,चारित्रिक प्रमाणपत्र, प्रा.वि., नि.मा.वि., मा.वि., प.नि.का., सामुदायिक विद्यालय, तालिम, शैक्षिक सत्र, छात्रावास, बालबिकास, किताबखाना, रजिष्ट्रेशन आदि ।

#### (आ) कानुन क्षेत्रमा आधारित शब्द

कुनै पनि भाषामा भएका शब्दहरुकानुनसँग सम्बन्धित छन् भने उक्त शब्दलाई कानुन क्षेत्रमा आधारित शब्द भनिन्छ । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा भएका जम्मा २१०४ शब्दहरु मध्ये २४० शब्दहरुकानुन क्षेत्रमा आधारित शब्द रहेका छन् । नागरिक बडापत्रमा प्रयुक्त भाषामा कानुन क्षेत्रमा आधारित शब्दका केही उदाहरणहरु यस प्रकार रहेका छन् : दर्ता किताब, इजाजत पत्र, सिफारिस, अनुमति, नियम, उल्लघंन, कारवाही, प्रमाणित, अनुसन्धान, निवेदन, उजुरी, लिखित, मौखिक, अपराध, दरखास्त, जाहेरी, पक्राउ, पूर्जी, हिरासत, थुनुवा, बरामद, तलासी, साक्षी, सनाखत, बेवारिसे, मुचुल्का, प्रमाण, दर्ता, सर्जमीन, म्याद, उपचार, ऐन, तारिख, बापत, अनुसूची, बमोजिम, वारेन्ट, स्वीकृत, मौज्दात, आवेदन आदि ।

### (इ) सूचना तथा प्रविधि क्षेत्रमा आधारित शब्द

कुनै पनि भाषामा भएका शब्दहरुसूचना तथा प्रविधिसँग सम्बन्धित छन् भने उक्त शब्दलाई सूचना तथा प्रविधि क्षेत्रमा आधारित शब्द भनिन्छ । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा भएका जम्मा २१०४ शब्दहरु मध्ये ४३१ शब्दहरुसूचना तथा प्रविधि क्षेत्रमा आधारित शब्द रहेका छन् । नागरिक बडापत्रमा प्रयुक्त भाषामा सूचना तथा प्रविधि क्षेत्रमा आधारित शब्दका केही उदाहरणहरु यस प्रकार रहेका छन् :हुलाक, सूचना, प्रविधि, सञ्चार, पत्र पत्रिका, केबुल प्रसारण, पोष्ट बक्स, खबर, विद्युत, प्राधिकरण, जडान, सिङ्गलफेज, थ्रिफेज, मिटर, टर्मिनल, रिडिङ्ग, सप्लाई, लाईन, सट डाउन, जम्पर, महसुल, फोन, ठेगाना, डाँकफाँट, सिलबन्दी, कागज, समचार पत्र, विज्ञापन, इमेल, वेवसाईट, चलचित्र, कार्यक्रम, प्रज्ञापन पत्र आदि ।

### (ई) प्रशासन क्षेत्रमा आधारित शब्द

कुनै पनि भाषामा प्रयोग गरिएका शब्दहरु प्रशासनिक क्षेत्रसँग सम्बन्धित भएमा उक्त शब्दहरुलाई प्रशासन क्षेत्रमा आधारित शब्द भनिन्छ । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा विषय क्षेत्रका आधारमा शब्द भण्डारको अध्ययन गर्ने क्रममा छनोटमा परेका नागरिक बडापत्रमा भएका जम्मा २१०४ शब्दहरु मध्ये ६५१ शब्दहरु प्रशासन क्षेत्रमा आधारित शब्द रहेका छन् । नागरिक बडापत्रमा प्रयुक्त भाषामा प्रशासनिक क्षेत्रमा आधारित शब्दका केही उदाहरणहरु यस प्रकार रहेका छन् : पञ्जिकरण, शाखा, सेवाग्राही, कार्यालय, नेपालसरकार, नक्सा, प्रशासन, निर्देशिका, मासिक, कर्मचारी, सेवा, सुविधा, योजना, तर्जुमा, समिति, बैठक, एकीकृत, परिषद् सहभागी, प्रक्रिया, विभाग, प्रमुख, अधिकृत, कार्य, छनोट, क्षेत्र, केन्द्र, नागरिकता, लक्ष्य, परीक्षण, विवरण, वार्षिक, निर्देशन, कैफियत आदि ।

### (उ) यातायात क्षेत्रमा आधारित शब्द

कुनै पनि भाषामा प्रयोग गरिएका शब्दहरु यातायात क्षेत्रसँग सम्बन्धित भएमा उक्त शब्दहरुलाई यातायात क्षेत्रमा आधारित शब्द भनिन्छ । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा विषय क्षेत्रका आधारमा शब्द भण्डारको अध्ययन गर्ने क्रममा छनोटमा परेका नागरिक बडापत्रमा भएका जम्मा २१०४ शब्दहरु मध्ये २१५ शब्दहरु यातायात क्षेत्रमा आधारित शब्द रहेका छन् । नागरिक बडापत्रमा प्रयुक्त भाषामा

यातायात क्षेत्रमा आधारित शब्दका केही उदाहरणहरु यस प्रकार रहेका छन्:सडक, सवारी, सडक इजाजत पत्र, सवारी दर्ता किताब, चालक, बस, ट्रक, लहरी, बारूणयन्त्र, ट्राफिक, यातायात, सञ्चालन, दुर्घटना, सवारी कर, एम्बुलेन्स आदि ।


**(ऊ) वाणिज्य क्षेत्रमा आधारित शब्द**

कुनै पनि भाषामा प्रयोग गरिएका शब्दहरु बैङकिङ क्षेत्रसँग सम्बन्धित भएमा उक्त शब्दहरुलाई वाणिज्य क्षेत्रमा आधारित शब्द भनिन्छ । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा विषय क्षेत्रका आधारमा शब्द भण्डारका अध्ययन गर्ने क्रममा छनोटमा परेका नागरिक बडापत्रमा भएका जम्मा २१०४ शब्दहरु मध्ये २६५ शब्दहरु वाणिज्य क्षेत्रमा आधारित शब्द रहेका छन् ।नागरिक बडापत्रमा प्रयुक्त भाषामावाणिज्य क्षेत्रमा आधारित शब्दका केहि उदाहरणहरु यस प्रकार रहेका छन् : खाता, बचत, बैङ्क, चल्ती, मुद्दती, कर्जा, धितो, जमानत, शेयर, निर्यात, डलर, वाणिज्य, फाइनान्स, चेक, सहकारी, कमिसन, स्टेटमेन्ट, भुक्तानी, रसिद, विप्रेषण, कारोबार, ट्रान्सफर, रकम, ब्याज, शुल्क, बिल, भौचर साँवा आदि ।

सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा शब्द भण्डारको विश्लेषण गर्ने क्रममा विषय क्षेत्रका आधारमा शब्द भण्डारको प्रयोग स्थितिलाई स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र - ४**

**विषय क्षेत्रको आधारमा शब्द भण्डारको प्रयोग स्थिति**



प्रस्तुत तालिका अनुसार सरकारी कार्यालयमा रहेका नागरिक बडापत्रमा प्रयुक्त भाषामा विषय क्षेत्रको आधारमा रहेका शब्द अन्तर्गत शिक्षा क्षेत्रमा आधारितशब्द३०२, कानुन क्षेत्रमा आधारित शब्द २४०, सूचना तथा प्रविधि क्षेत्रमा आधारित शब्द ४३१, प्रशासन क्षेत्रमा आधारित शब्द ६५१, यातायात क्षेत्रमा आधारित शब्द २१५ र वाणिज्य क्षेत्रमा आधारित शब्द २६५ शब्दहरुको प्रयोग गरिएको पाइन्छ । यस विवरण मध्ये सबैभन्दा बढी प्रशासनिक क्षेत्रमा आधारित शब्द रहेको पाइन्छ भने सबैभन्दा कम यातायात क्षेत्रमा आधारित शब्द रहेको पाइन्छ ।

## ४.४नागरिक बडापत्रमा प्रयुक्त वाक्य संरचनाको विश्लेषण

उद्देश्य र विधेय मिलेर रचना भएको स्वतन्त्र भाषिक एकाइलाई वाक्य भनिन्छ ।वाक्य जसका बारेमा केही कुरा भनिन्छ त्यो शब्द वा शब्द समूहलाई उद्देश्य भनिन्छ भने जे कुरा भनिन्छ त्यो शब्द वा शब्द समूहलाई विधेय भनिन्छ । वाक्य स्वतन्त्र भाषिक एकाई भएकोले यसबाट पूरा अर्थ अभिव्यक्त हुन्छ । वाक्य यस्तो भाषिक संरचना हो, जसमा एउटा कर्ता र एउटा समापिका क्रिया हुन्छ । यो पदावली भन्दा माथिल्लो एकाई हो ।वाक्यमा अवधारणा जनाउनका लागि क्रियाले अनिवार्य उपस्थिति जनाँउछ । बनोट र संरचनाका आधारमा वाक्य सरल, संयुक्त र मिश्र गरी तिन प्रकारका हुन्छन् ।

सरकारी कार्यालयमा राखिएकानागरिक बडापत्रमा प्रयुक्त वाक्यलाई वाक्य संरचनाका आधारमा अध्ययन गरिएको छ । नागरिक बडापत्रमा भएका सरल वाक्य, संयुक्त वाक्य र मिश्र वाक्य लाई हेर्दा संयुक्त वाक्य र मिश्र वाक्यको तुलनामा सरल वाक्यको प्रयोग बढी भएको पाइन्छ । सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषामा वाक्य संरचनाको प्रयोग स्थितिलाई तल तालिकामा देखाइएको छ :

**तालिका - १६**

**वाक्य संरचनाको प्रयोग स्थिति**

| जम्मा वाक्य सङ्ख्या | सरल वाक्यको प्रयोग | प्रतिशत | संयुक्त वाक्यको प्रयोग | प्रतिशत | मिश्र वाक्यको प्रयोग | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ९४३ | ७६२ | ८०.८१ | १८१ | १९.१९ | ० | ० |

प्रस्तुत तालिका अनुसार सरकारी कार्यालयमा रहेका नागरिक बडापत्रमा प्रयुक्त वाक्य संरचनाको अध्ययन गर्दा नागरिक बडापत्रमा रहेका वाक्यहरुलाई टिपोट गर्ने क्रममा जम्मा ९४३ वाक्यहरुमा ७६२ सरल वाक्यरहेको छ भने १८१ संयुक्त वाक्य र मिश्र वाक्यको भने प्रयोग भएको पाइदैन । यसरी हेर्दा सबैभन्दा बढी सरल वाक्यको प्रयोग भएको देखिन्छ, जसले गर्दा उक्त  नागरिक बडापत्रहरु बोधगम्य नै रहेको पाइन्छ ।

एउटा उद्देश्य र विधेय भएको वाक्यलाई सरल वाक्य भनिन्छ । सरल वाक्यमा एउटा मात्र कर्ता र एउटै समापिका क्रिया हुन्छ तर एक भन्दा बढी पनि असमापिका क्रिया रहन सक्दछ । नागरिक बडापत्रमा रहेका सरल वाक्य सम्बन्धी केही उदाहरणहरु यस प्रकारका छन् :

मृतकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि  । (वीरगञ्ज उप- महानगरपालिका कार्यालय)
अपराध सम्बन्धी जानकारी दिने ।(जिल्ला प्रहरी कार्यालय)
सवारी दुर्घटना प्रमाणित गर्ने ।(जिल्ला ट्राफिक कार्यालय)
मिटर ठाँउसारीको आवेदन भरि पेश गर्नुपर्ने । (विद्युत प्राधिकरण कार्यालय)
माग फारम भरी कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्ने ।(जिल्ला शिक्षा कार्यालय)

दुई वा दुई भन्दा बढी मुख्य अथवा स्वतन्त्र उपवाक्यहरुलाई निरपेक्ष संयोजकले जोडेमा त्यसलाई संयुक्त वाक्य भनिन्छ । यसमा जोडिने उपवाक्य जस्तै तर, तथापी, पनि, अन्य, किन्तु , अनि, त्यसैले, होइन, नकि जस्ता स्वतन्त्र वाक्य हुन्छन् । नागरिक बडापत्रमा रहेका संयुक्त वाक्य सम्बन्धी केही उदाहरणहरु यस प्रकारका छन् :

बालबालिकाको बाबु र आमाको नेपाली नागरिकता प्रमाणपत्र वा सो को प्रतिलिपि (जिल्ला विकाससमिति)
विर्ता, पानीटंकी, घडिअर्वा, अशोकबाटिका, प्रगतिनगर र ठाकुराम बहुमुखी क्याम्पस क्षेत्रका जग्गाहरुमा लाग्ने सिफारिस दस्तुर प्रति कित्ता रु ७०० (वीरगञ्ज उप-महानगरपालिकाकार्यालय)
नागरिकता प्रमाण पत्रमा नाम थर फरक, विवाह दर्ता राख्ने सम्बन्धी चालचालन तथा अन्य विवरण बुझ्ने ।(मधुवन मथवल गाा.वि.स. कार्यालय)

सवारी दर्ता किताब, सडक इजाजत पत्र र जाँच पास हराएमा सिफारिस दिने । (जिल्ला ट्राफिककार्यालय)

एउटा मुख्य उपवाक्य एक वा एक भन्दा बढी अधीन उपवाक्य मिलेर बनेको वाक्यलाई मिश्र वाक्य भनिन्छ । यसमा भएका उपवाक्य तथा अधिन वाक्यलाई सापेक्ष संयोजकले जोडेको हुन्छ । जो, जुन, जहाँ, जसको जसले, जसरी आदि जोडिएका वाक्यलाई मिश्र वाक्य भनिन्छ ।नागरिक बडापत्रमा मिश्र वाक्यको प्रयोग भएको पाइदैन ।

## अध्याय पाँच

## सारांश, निष्कर्ष र उपादेयता

### ५.१ सारांश

प्रस्तुत शोधपत्र'पर्सा जिल्लाका सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन' नामक शीर्षकमा तयार गरिएको छ । प्रस्तुत शोधपत्रको अध्ययन उद्देश्यहरु सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रको संरचना र शैलीको विश्लेषण गर्नु, नागरिक बडापत्रमा प्रयुक्त भाषालाई वर्ण विन्यासको आधारमा व्याख्या गर्नु, नागरिक बडापत्रमा प्रयुक्त शब्द भण्डारको विश्लेषण गर्नु, नागरिक बडापत्रमा प्रयुक्त वाक्य संरचनाको विश्लेषण गर्नु रहेको छ ।

नागरिक बडापत्र आम नागरिकलाई सरकारी कामकाजका लागि मार्गप्रदान गर्ने सूचनामूलक सामग्री हो । यस्ता सामग्रीमा प्रयोग हुने भाषा अन्य क्षेत्रको भन्दा पृथक रहेको पाइन्छ । सूचना सम्प्रेषणका रूपमा रहेको नागरिक बडापत्र सरकारका आधिकारिक निकायमा रहेका व्यक्तिहरुबाट तयार गरिन्छ । जसमा भाषाप्रति कतिको सचेतता अपनाइएको छ भनि अध्ययन अनुसन्धान गर्न आवश्यक देखिन्छ । अनुसन्धान गर्ने क्रममा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, शोधपत्र, पाठ्य पुस्तक, पत्रिका पढेर अध्ययन अनुसन्धान गरेर त्यस बारे समीक्षा गर्नु नै पूर्वकार्यको अध्ययन हो । पूर्वकार्यको अध्ययन गर्ने क्रममा नागरिक बडापत्र सम्बन्धी चौधवटा शीर्षकमा गरिएको अनुसन्धानलाई अध्ययन गरेर निर्ष्कषका रूपमा शोधपत्रमा राखिएको छ ।

प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिका लागि पर्सा जिल्लाका सरकारी कार्यालयका दशवटा नागरिक बडापत्रलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । जसमा स्थलगत अध्ययनका आधारमा सूचना सङ्कलन गरी वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ ।उक्त दशवटा सरकारी कार्यलयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गर्दा नागरिक बडापत्रको भौतिक तथा भाषिक पक्षको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा प्राप्त तथ्याङ्कबाट नागरिक बडापत्रको भौतिक पक्ष र भाषिक पक्षको स्थिति तुलनात्मक रूपमा मध्यम रहेको पाइन्छ ।

## ५.२ निष्कर्ष

पर्सा जिल्लाको सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन गर्ने उद्देश्यले गरिएको यस अध्ययनमा विभिन्न खोज र अनुसन्धानका क्रममा प्राप्त गरेको परिणामका आधारमा निष्कर्ष निकालिएको छ । उक्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

- सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रको संरचनात्मक पक्षमा अध्ययन विश्लेषण गर्दा नमुना छनोटमा रहेका बडापत्रमा खण्ड १ मा संरचित २ वटा, खण्ड ३ मा संरचित १ वटा, खण्ड ७ मा संरचित ३ वटा, खण्ड ८ मा संरचित २ वटा, खण्ड ९ मा संरचित २ वटा नागरिक बडापत्र रहेको पाइन्छ ।
- सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रको शैलीगत पक्षमा अध्ययन विश्लेषण गर्दा विवरणात्मक शैलीमा ४ वटा, सूचनात्मक शैलीमा ३ वटा र मिश्रित (विवरणात्मक र सूचनात्मक) शैलीमा ३ वटा नागरिक बडापत्र रहेको पाइन्छ ।
- नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत ह्रस्व सम्बन्धी अध्ययन गर्दा ह्रस्व सम्बन्धी प्रयोग गर्नुपर्नेशब्द ९४६ रहेकोमा ९२६ शब्दहरु ह्रस्वको प्रयोग गरिएको छ भने २० शब्दहरुमा ह्रस्व प्रयोग गर्नुपर्नेमा दीर्घको प्रयोग गरिएको पाइन्छ ।
- नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत दीर्घ सम्बन्धी अध्ययन गर्दा दीर्घ सम्बन्धी प्रयोग गर्नुपर्ने शब्द २०६ रहेकोमा १६५ शब्दहरुमा दीर्घको प्रयोग गरिएको छ भने ४१ शब्दहरुमा दीर्घको प्रयोग गर्नुपर्नेमा ह्रस्वको प्रयोग गरिएको पाइन्छ ।
- नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत 'ब' को प्रयोग सम्बन्धी अध्ययन गर्दा 'ब' को प्रयोग शब्द ७२ रहेकामा ५९ शब्दमामात्र 'ब' प्रयोग गरिएको छ भने बाँकी १३ शब्दमा'ब'को प्रयोग नगरी 'व' को प्रयोग गरिएको पाइन्छ ।
- नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत 'व' को प्रयोग सम्बन्धी अध्ययन गर्दा 'व' को प्रयोग शब्द १३४ रहेकामा १२८ शब्दमा मात्र 'व' प्रयोग गरिएको छ भने बाँकी ०६ शब्दमा 'व' को प्रयोग नगरी 'ब' को प्रयोग गरिएको पाइन्छ ।

- नागरिक बडापत्रमा वर्ण विन्यास अन्तर्गत पदयोगको प्रयोग सम्बन्धी अध्ययन गर्दा पदयोगको प्रयोग गर्नुपर्ने ठाँउ २०२ रहेकोमा १६० ठाँउमा पदयोगको प्रयोग गरिएको छ भने ४२ ठाँउमा पदयोगको प्रयोग नगरी पदवियोगको प्रयोग गरिएको पाइन्छ ।
- नागरिक बडापत्रमा प्रयोग गरिएका लेख्य चिह्न अन्तर्गत पूर्णविराम चिह्न सम्बन्धी अध्ययन गर्दा कुल ७७ स्थानमा पूर्णविराम चिह्नको प्रयोग गर्नुपर्नेमा ४९ स्थानमा मात्र पूर्णविराम चिह्नको प्रयोग गरिएको पाइयो भने २८ स्थानमा पूर्णविरामको प्रयोग गरिएको पाइएन । त्यस्तै गरी नागरिक बडापत्रमा पूर्णविराम चिह्नको प्रयोग नगर्नु पर्ने स्थानमा पनि पूर्णविरामको प्रयोग गरिएको पाइन्छ ।
- नागरिक बडापत्रमा प्रयोग गरिएका लेख्य चिह्न अन्तर्गत अल्पविराम चिह्न सम्बन्धी अध्ययन गर्दा कुल ४५ स्थानमा अल्पविराम चिह्नको प्रयोग गर्नुपर्नेमा ३१ स्थानमा मात्र अल्पविराम चिह्नको प्रयोग गरिएको पाइयो भने १४ स्थानमा अल्पविरामको प्रयोग गरिएको पाइएन ।
- नागरिक बडापत्रमा प्रयोग गरिएका लेख्य चिह्न अन्तर्गत कोष्ठक चिह्न सम्बन्धी अध्ययन गर्दा कुल २८ स्थानमा कोष्ठक चिह्नको प्रयोग गर्नुपर्नेमा २८ नै स्थानमा मात्र कोष्ठक चिह्नको प्रयोग गरिएको पाइन्छ ।
- नागरिक बडापत्रमा प्रयोग गरिएका लेख्य चिह्न अन्तर्गत ऐजन चिह्न सम्बन्धी अध्ययन गर्दा कुल २९२ स्थानमा ऐजन चिह्नको प्रयोग गर्नुपर्नेमा २०५ स्थानमा मात्र ऐजन चिह्नको प्रयोग गरिएको पाइयो भने ८७ स्थानमा ऐजन चिह्नको प्रयोग गरिएको पाइएन ।
- नागरिक बडापत्रमा प्रयोग गरिएका लेख्य चिह्न अन्तर्गत निर्देशक चिह्न सम्बन्धी अध्ययन गर्दा कुल ४३ स्थानमा निर्देशक चिह्नको प्रयोग गर्नुपर्नेमा ४३ नै स्थानमा मात्र निर्देशक चिह्नको प्रयोग गरिएको पाइन्छ ।
- नागरिक बडापत्रमा संरचनाका आधारमा शब्दभण्डारको अध्ययन गर्दा नागरिक बडापत्रमा रहेका २१०४ शब्द मध्ये१३८७ व्युत्पन्न शब्द र अव्युत्पन्न शब्द रहेको पाइन्छ । नागरिक बडापत्रमा संरचनाका आधारमा शब्द भण्डारको स्थिति हेर्दा अव्युत्पन्न शब्दको तुलनामा व्युत्पन्न शब्दको प्रयोग बढी भएको पाइन्छ ।

- नागरिक बडापत्रमा स्रोतका आधारमा शब्द भण्डारको अध्ययन गर्दा नागरिक बडापत्रमा रहेका २१०४ शब्द मध्ये११५१तत्सम शब्द,७२१तद्भव शब्द र २३२ आगन्तुक शब्द  रहेको पाइन्छ । नागरिक बडापत्रमा स्रोतका आधारमा शब्द भण्डारको स्थिति हेर्दा आगन्तुक शब्द र तद्भव शब्दको तुलनामा तत्सम शब्दको प्रयोग बढी भएको पाइन्छ ।
- नागरिक बडापत्रमा विषय क्षेत्रका आधारमा शब्द भण्डारको अध्ययन गर्दा नागरिक बडापत्रमा रहेका २१०४ शब्दहरु मध्ये शिक्षा क्षेत्रमा ३०२ शब्द, कानुन क्षेत्रमा २४० शब्द, सूचना तथा प्रविधि क्षेत्रमा ४३१ शब्द,प्रशासन क्षेत्रमा ६५१ शब्द, यातायात क्षेत्रमा २१५ शब्द र वाणिज्य क्षेत्रमा २६५ शब्दहरु रहेको पाइन्छ ।
- नागरिक बडापत्रमा रहेका वाक्यहरुको संरचनाका आधारमा अध्ययन गर्दा नागरिक बडापत्रमा रहेका ९४३ वाक्य मध्ये७६२ स्थानमा सरल वाक्यको र१८१ स्थानमा संयुक्त वाक्यको प्रयोग भएको पाइन्छ भने नागरिक बडापत्रमा मिश्र वाक्यको प्रयोग भएको पाइदैन ।

## ५.३ उपादेयता

प्रस्तुत शोधपत्रको उपयोगितालाई समग्रमा निम्न बुँदाहरुमा प्रस्तुत गरिएको छ :

- यसको अध्ययनले अन्य भाषिक अध्ययन गर्न मद्दत गर्छ ।
- बडापत्रका बारेमा वस्तुपरक ज्ञान हासिल गर्न यो अध्ययन उपयोगी हुन्छ ।
- लोकसेवाको तयारी गरिरहेका विद्यार्थीलाई यो अध्ययन विशेष उपयोगी सामग्री बन्छ ।
- भाषाको वस्तुपरक अध्ययन गर्नका लागि यो अध्ययन उपयोगी हुन्छ ।
- नेपाली भाषा सम्बन्धी ज्ञान लिन यो अध्ययन उपयोगी हुन्छ ।
- नागरिक बडापत्रको भाषाको शैली र संरचनाका बारेमा जानकारी प्रदान गर्न यो अध्ययनउपयोगी हुन्छ ।
- नागरिक बडापत्रमा प्रयुक्त वर्णविन्यास शब्दभण्डार र वाक्य सम्बन्धी जानकारी प्रदान गर्न यो अध्ययन उपयोगी हुन्छ ।

) नेपाली भाषा र नागरिकता बडापत्रमा प्रयोग हुने भाषाको अन्तरसम्बन्धको बारेमा जानकारी प्रदान गर्न  मद्दत गर्छ ।

**नीतिगत तह**

(क) नेपाल सरकारले सरकारी कार्यालयहरुमा नागरिक बडापत्र अनिवार्य राख्नुपर्ने नीति लिए अनरूपसरोकारवालाहरुलाई आफ्नो काम, कर्तव्य र अधिकारका बारेमा सचेत गराउन र प्रभावकारी अनुगमन गर्ने नीति ल्याउन,

(ख) नागरिक बडापत्र राख्न र त्यसको सही सदुपयोग गर्न/गराउनका लागि केन्द्र देखि लिएर गाउँ तह सम्मका सबै सरकारी कार्यालयमा नीति नियम लगाई कार्यान्वयन गराउन,

(ग) बडापत्रको भाषालाई सहज, सम्प्रेषणीय बनाउन,

(घ) नेपाली भाषाको वर्ण विन्यास र शब्द भण्डारलाई ख्याल गरी सरल र शुद्ध भाषाको प्रयोग गरीआकर्षक ढङ्गमा नागरिक बडापत्र तयार गर्न/गराउन र उक्त नागरिक बडापत्र उपयुक्तठाँउमा राख्न लगाउन ।

**प्रयोगात्मक तह**

(क) आम नागरिकको बौद्धिक स्तरलाई मनन गरी सर्वसाधारणले बुझ्ने भाषामा बडापत्र तयारगर्न/गराउन

(ख) सम्प्रेषणमूलक शुद्ध नेपाली भाषाको प्रयोग गर्न/गराउन,

(ग) नागरिक बडापत्रलाई बढी मिश्रित(विवरणात्मक रसूचनात्मक) शैलीमा प्रयोग गर्न/गराउन

(घ) नागरिक बडापत्रमा आगन्तुक, तत्सम शब्द प्रशस्त पाइएकाले नेपाली जनजिब्रो प्रचलित तद्भव शब्दको बढी प्रयोग गर्न/गराउन

(ङ) नागरिक बडापत्रमा प्रयुक्त भाषामा नेपाली वर्ण विन्यासको त्यति ख्याल गरिएको पाइएनजसले गर्दा अर्थको अनर्थ लाग्नुका साथै नेपाली लेख्य नियम र व्यवस्थामा नकरात्मक असर पर्ने भएकाले नेपाली भाषाको वर्ण विन्यासलाई विशेष ख्याल गरेर बडापत्रको भाषा प्रयोग गर्न/गराउन,

(च) नागरिक बडापत्र पुरानो बोर्ड भएर रङ्ग खुइलिइएका, अक्षर मेटिएका, अक्षरको आकार रङ्ग राख्ने स्थान त्यति उपयुक्त भएको पाइएन । नागरिक बडापत्रमा प्रयोग भएको भाषालाईबुझ्रेर कार्य सम्पादन गर्न कठिन हुने देखियो त्यस कारण यी सबै पक्षमा सम्बन्धित निकायलेगम्भिर भएर विशेष ख्याल गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भ सूची


अधिकारी, सुरेश (२०७२), *शासन प्रणाली,* काठमाडौँ : करियर काउसिलिङ्ग सेन्टर प्रा.लि. ।

अधिकारी, हेमाङ्ग राज (२०७१), *समसमायिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तकभण्डार ।

अर्याल, उमा (२०६७), नेपाल समाचार पत्र दैनिकको समाचार खण्डमा प्रयुक्त भाषाको अध्ययन,त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

कानुन किताब व्यवस्थापन (२०६४), *सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन,* काठमाडौँ : नेपालसरकार ।

गौतम,देवीप्रसाद र अन्य (२०६९),*सामान्य भाषाविज्ञान* (दोस्रो संस्करण), काठमाडौँ : पिनाकलपब्लिकेसन प्रा. लि. ।

घिमिरे, दिनेश र धुव्र प्रसाद निउरे (२०७०), *भाषिक अनुसन्धान विधि,*काठमाडौँ : सनसाइनपब्लिकेसन ।

ठकुरी, नयन सिंह (२०७०), *अर्घाखाँची जिल्लाका सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमारहेका भाषिक त्रुटिको अध्ययन,*त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत नेपाली भाषा शिक्षाविभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

थापा, हरि बहादुर (२०७३), *सार्वजनिक सेवाप्रवाह र नागरिक बडापत्र ,* गोरखा पत्र ।

नेपाल प्रज्ञा-प्रतिष्ठान (२०७२),*नेपाली बृहत् शब्दकोश*(नवौँ संस्करण), काठमाडौँ ।

न्यौपाने, होम प्रसाद (२०६७), *ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन,* त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

पन्त, शान्ता कुमारी (२०६७), *सार्वजनिक स्थलहरुमा रहेका शिलालेखमा पाइने भाषाको अध्ययन,*त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

पुरी, मगेन्द्र (२०७०), *सरकारी कार्यलयमा राखिएका नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन,*त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

प्रधान, पूर्ण कुमारी (२०७१), *नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन,* त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

बुढाथोकी, घनश्याम (२०७१), *सल्यान जिल्लाका सरकारी कार्यालयमा राखिएका नागरिक बडापत्रमारहेका भाषिक त्रुटिको अध्ययन,* त्रि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

मैनाली, श्याम प्रसाद (२०७३), *शासकीय स्वरूप संविधान र सुशासन (सातौँ संस्करण),* काठमाडौँ : मैनाली बुक्स एण्ड स्टेशनरी बागबजार ।

राई, दिल कुमारी (२०७१), *नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन,* त्रि.वि., शिक्षाशास्त्र केन्द्रीयविभाग अन्तर्गत नेपाली भाषा शिक्षाविभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

शर्मा, चूडामणि (२०७२), *शाखा अधिकृत प्रारम्भिक परीक्षा दिशा बोध,* काठमाडौँ : प्रशान्ति पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, गुणराज (२०७०), *नागरिक बडापत्रमा प्रयुक्त भाषाको अध्ययन,* त्रि.वि., शिक्षाशास्त्र केन्द्रीयविभाग अन्तर्गत नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरमा प्रस्तुत शोधपत्र ।

श्रेष्ठ, शिवराम (२०६८), *नेपाल नागरिक बडापत्र (दोस्रो संस्करण),* ललितपुर : महिला वातावरण समूह ।